# बिहानीको  शान्त समय

## बलिदानको आवश्यकता

दिन-१

**हिब्रु ९ः १५-२८**

'वलिदान' शब्दले धावकका लागि 'अगाडि बढ्न' र बाबु आमाका लागि आफ्ना छोराछोरीप्रतिको 'प्रेम गर्ने' का लागि पनि प्रयोग हुनसक्छ । यस शब्दले येशूको गहिरो प्रेम, जुन प्रेम हाम्रा लागि गर्नुभएको थियो, त्यसलाई पनि इङ्गित गर्छ । येशूकै शब्दमा हाम्रा लागि बलिदानको आवश्यकता यसरी व्यक्त गरिएको पाउछौं – 'साच्चै, म ...............' यूहन्ना १२ः२४

यहाँ येशू भन्नुहुन्छ कि, कुनै मानिसले मुक्ति पाउन वा बच्न, हराएकाहरु उहाँमा आउन, आत्मिक रुपले कमजोरहरु वलियो हुन, हामी सबै पापका लागि मर्नु अत्यन्तै जरुरी छ । वलिदान भन्नाले चर्चका सबै क्रियाकलापहरुमा भाग लिनु, हाम्रो दशांश भेटी अर्पण गर्नु अथवा वार्षिक विशेष भेटी (दान) मात्र हैन त्यो भन्दा पनि धेरै बुझ्नुपर्छ । यो जीवनको एक तरिका हो, हृदयको प्रतिबद्धता पनि हो । त्यो हृदय येशूको थियो । के आज तपाईको पनि त्यस्तै हृदय छ ?

उदाहरण ः–

सुनीता दुलाल बहिनीलाई हामी चिन्दछौ । उहाँ तीन छोराछोरीकी आमा हुनुहुन्छ, आफ्नो घरको सम्पूर्ण काम गर्ने, खेतीपाती गर्ने, परिवारको सम्पूर्ण हेरबिचार गर्ने जस्ता काम गरेर कहिल्यै पनि थाक्नुहुन्न । तर यसको साथै आफ्ना तीन छोराछोरीलाई परमेश्वरमा हुर्काउन र प्रत्येक शनिबार समयमा चर्चमा आउने साथै भजन अगुवाइ गर्ने त्यसको अभ्यास गर्ने, आइतबार र बुधबारको संगतीमा जानका निम्ति आफ्नो घर देखि टाढा भए पनि उहाँ आपैm यी सबै कामका लागि परमेश्वरमा बलिदान गर्नुहुन्छ । आफ्नो दशांस भेटी दिनमा कहिल्यै सम्झौता गर्नुहुन्न । आफ्नी छोरीलाई पनि दशांस भेटी दिनसिकाउनुभएको छ ।

आज तपाईको हृदयलाई जाँच्नुहोस् र लेख्नुहोस कि के कुराले तपाईमा येशूको जस्तै हृदय हुनदेखि टाढा पार्छ ? येशूको जस्तै हृदय हुनका लागि प्रार्थना गर्नुहोस् ।

# क्रुस र बलिदान

दिन-२

**मर्कुस ८ः ३४-३८**

बलिदान यस्तो शब्द हो जुन हरेक पाठमा शिक्षा र ख्रिष्ट्रियन भेलामा प्रयोग हुन्छ । यो एउटा शक्तिशाली शब्द हो तर के आज हामीले यस शब्दलाई जीवनमा अभ्यास गरिरहेका छौ ? येशू मशिहले स्पष्ट पार्नु भएको छ कि आज बलिदानलाई हामीले आत्मसात् गर्नु पर्छ । आज परमप्रभुको राज्यको शिपालु कामदार हुनको लागि बलिदान गर्न तत्पर हुनलाई निर्णयको आवश्यकता पर्छ । उहाँले निर्णय गरी आफ्नो जीवन परमेश्वरको राज्यको विकासको लागि वलिदान दिनुभयो । सायद, कठिन समयमा आफ्नो धन सम्पति, क्यारियर (भविष्य) र आफ्नो नातागोता हाम्रो पतनको कारण हुनसक्छ तर येशूले अगाडी नै यी सब कार्य गर्नु भइसकेको छ । तसर्थ परमेश्वर हामीले गरेको बलिदान भन्दा निकै बढि आशिष दिन तयार हुनुहुन्छ ।

करिव एक महिना अघि एउटा ब्रदर ‘एरिक’ फुल टाईम मिनिस्ट्रीमा काम गर्नु अघि उहाँ एउटा चउरमा प्रार्थना गरिराख्नु भएको थियो । र उहाँले केहि नानीबाबुहरु ख्रिष्ट्रियन भजन अभ्यास गदै गरेको देख्नु भयो । ती नानीबाबुहरु निकै राम्रा थिए । परमप्रभु प्रति तिनीहरुको भरोसा निर्दोषपन, पवित्रता देख्दा उहाँलाई एकदमै रमाइलो लाग्यो । र अर्कोतिर यस दुष्ट र भ्रष्ट संसारको कालो र छली बादलको छायाँले यिनीहरुलाई चाँडै नै छोपी अपवित्र र परमेश्वरप्रति हठी हुने कुराले उहाँलाई खिन्न लाग्यो । त्यसपछि यी नानीबाबुहरुको भविष्यको बारेमा उहाँले सोच्न थाल्नु भयो । यिनीहरुले कहाँबाट आशा पाउँछन् ? उहाँलाई लाग्यो कि यो नै समय हो परमेश्वरको वचन पैmलाउन मिसनका लागि चन्दा ९mष्ककष्यल अयलतचष्दगतष्यल० को भेटी दिन निर्णय गर्ने । उहाँले देख्नु भयो कि कसरी उहाँको सानो बचतले परमेश्वरको वचन कुना कुनासम्म पैmलाउन र ती नानीबाबुहरुको जीवनमा आशाका दिप जलाउन सहयोग गर्न सकिन्छ र परमेश्वरलाई प्रसन्न पार्न सकिन्छ ।

ब्रदर एरिकलाई थाहा नै थिएन की परमेश्वरले उहाँको जीवनको लागि कस्तो योजना बनाउनु भएको छ । पछि परमेश्वरले उहाँलाई एन्जेलिस सहर पाम्गाजामा मिसन टिममा भाग लिने अवसर प्रदान गर्नुभो । र आज उहाँहरुको अगुवा भई मानिसहरुको जीवनमा आशा दिने, तिनीहरुलाई क्रुसको बारेमा सिकाउने कार्यको लागि परमेश्वरले उहाँलाई प्रयोग गर्नु भएकोमा उहाँ ज्यादै आभारी हुनुहुन्छ ।

आज परमप्रभुको राज्यको विस्तारको लागि तपाईले के कुराको त्याग गर्नु आवश्यक छ विचार गर्नुहोस् । परमप्रभुको राज्यको विस्तारको लागि त्याग गर्ने निर्णय गर्नुहोस् ।

.................................................................................................................................

.................................................................................................................................

# बलिदानका फाइदाहरु

दिनः-३

***फिलिप्पी ३ः७-११***

क्रुसमा येशूको बलिदान भन्दा ठूलो बलिदान अरु के हुन सक्छ र क्रुसको मृत्युबाट उहाँले सम्पूर्ण मानवजातीको उद्धार गर्नुभयो र ब्यक्त गर्न नसकिने अनन्त आनन्दको अनुभुति गर्नु भो। पावलले पनि येशूको जस्तै त्यागपूर्ण जीवन जीई उहाँले अनुभुत गर्नु भएको ईश्वरीय शक्ति र आत्मिकी धनको अनुभव गर्न चाहेको कुरा माथि वचनले बताउछ। पावल जान्दथे कि येशूको जस्तो जीवन जिउँदा मात्रै जीवनको सच्चा उपहार पाउन संम्भव छ।

ब्रदर 'वेन' ले चेला जीवनमा संघर्ष गर्नुभएको कुरा अभैm सम्झनु हुन्छ। उहाँ मण्डलीमा काम गरिराख्ने की के गर्ने ? उहाँहरुलाई मनिला भन्ने ठाउँमा मण्डलीको अगुवाई गर्न बोलावट भएको थियो। जुन ठाउँ निकै चुनौतीपूर्ण थियो। उहाँहरु सानो असजिलो परेको ठाउँमा बस्नु परेको थियो। एकपटका एउटा चोर आएर घर फोरेर सामानहरु यत्रयत्र पारीदिएछ। अर्काे पटक हुरी वतास आएर घरको छाना उडाइ, पानीको पाइप फुटाई पुरा घर भिजाइ दिएछ। केहि समय पछि उहाँको श्रीमती बाहिर निस्कन लाग्दा अगाडिको ढोका खोल्दा, एक मुसाको परिवार त्यहि ढोकाबाट भित्र पस्न खोजेको देख्नु भएछ। उहाँको श्रीमतीले आत्तिएर ढोका जोरसँग बन्द गर्न खोज्दा एउटा मुसा ढोकाले पिल्सीयर रगताम्य भएर मरेको याद गर्नुहुन्छ। त्यहि महिनामा अर्को चोरले उहाँको कार फोडी कारको कतभचभय लगेछ। केहि दिनपछि फेरी अर्को चोर आई पुरा कार नै लगी दिएछ। मण्डलीमा पनि विभिन्न चुनौतीहरु सामना उहाँहरुले गर्नुप¥यो। यी सबै एकै महिनाको अबधिमा भएको थियो।

त्यस समयमा उहाँ विश्वासमा सा¥है कमजोर हुनुभएको थियो। परमेश्वरको महिमा होस् कि प्रभुले उहाँलाई त्यस्ता साथीहरुले आशिषित गर्नुभएको थियो। जसले उहाँलाई धेरै मद्दत गरे। उहाँले परमेश्वरमा गर्नुभएको परिश्रम खेर गएन। र उहाँलाई पश्चताप गर्नुभएको केहि समयमै परमेश्वरले उहाँलाई दुइजना राम्रो व्यक्तिलाई परमेश्वरको राज्यमा ल्याउन मद्दत गर्नुभयो। र सोही वर्ष उहाँहरुको अगुवाईमा मण्डलीमा चेलाहरुको संख्या २९० बाट ४३० पुग्न सफल भयो।

आज परमेश्वरले तपाईलाई दिनु भएको आशिष भन्दा आफुले गरेको वलिदानमा बढि केन्द्रित हुनुहुन्छ ? तर ब्रदर वेन तपाईलाई हार नखान आग्रह गर्न चाहनु हुन्छ। सबै थोक परमेश्वरको नियन्त्रमा छ। उहाँ सधै हाम्रो प्रगतीको लागि काम गर्नु हुन्छ। उहाँ हाम्रो हृदय र चरित्र निखारेको देख्न चाहनुहुन्छ। ब्रदर 'वेन' ले मनिला सहरको अुनभव पछि वलिदानको अर्थ बुझ्नु भयो।

**बलिदान ः परमेश्वरको मायाको भाषा**

दिनः-४

***उत्पति ४ः१-७, यूहन्ना ३ः११-१२***

परमेश्वरलाई प्रसन्न पार्न कयिनको असफल प्रयासपछि उसलाई कस्तो महसुस भयो होला भन्ने कुराको विचार गर्दा सहयोग मिल्छ । उनी उसको बली अस्वीकार गर्ने परमेश्वरप्रति रुष्ठ भए । तर के परमेश्वर साच्ची नै अन्यायी हुनुहुन्थ्यो ? हामीले यो बुझ्नु पर्छ कि परमेश्वरले हृदय हेर्नु हुन्छ । परमेश्वर हाम्रो हरेक कार्यको उदेश्य बुझ्नुहुन्छ । परमेश्वर मानिसको हृदयका सम्पूर्ण कुरा जान्नु हुन्छ । साँच्ची नै हृददय कति छली छ भनेर जान्नु हुन्छ । जसस्वरुप कयिनको बली पछाडी उसको हृदयको छल बाट अनभिज्ञरहनु भएन । परमेश्वर अन्यायी हुनुहुन्थेन । परमेश्वरलाई कयिनले अर्पण गरेको बलीको परिणाम ः–

1 उत्तम थिएन (नत्रता वाइवलले उल्लेख गर्ने थियो) । कयिनले आफुसँग भएको भध्ये उत्तम दिएन ।

2 यदि कयिनको उद्देश्य परमेश्वरलाई प्रसन्न तुल्याउनु भएको भए हाबीलको बलिले परमेश्वर प्रसन्न हुनु भएको कुरा थाहा भएर कयिन पनि खुसी हुनु पर्ने थियो । परमेश्वरलाई कयिनको बली ग्रहण योग्य लागेन ।

यदि असल परिणाम ल्याउन (असल महसुस गर्न र आवश्ययकता पुरा गर्न) गरिएको भए त्यसलाई बलीदान भन्न सकिदैन । बलिदान कुनै व्यक्तिप्रति तपाईको अपार प्रेमबाट मात्रै गरिन्छ । एक सिस्टर 'जोए' १३ वर्षदेखि अविवाहीत चेला हुनुहुन्छ । परमेश्वरले उहाँलाई बलिदान भनेको के हो सिकाउन चाहनु हुन्छ भनी निश्चित पार्नुभयो भनी उहाँ भन्नुहुन्छ । उहाँको लागि गत वर्षको शुरुवात कठिन थियो । मण्डलीमा एक दशक भन्दा विभिन्न ठाउँहरुमा ९mबलष्बि बाट क्यामबोडिया त्यहाँबाट सेवु, अनि व्याङ्गकक र फेरी mबलष्बि० सेवकाई गरेपछि उहाँले सोच्नु भयो की उहाँ धैरै बलिदान गरि सक्नु भयो । त्यसपछि उहाँले के के बलिदान गर्नु भयो गन्न लाग्नु भयो । उहालाई इच्छा लागेका र धैरै प्रार्थना गर्दा पनि नसुनेको जस्तो गर्नु भएको कुरा उहाँले गन्नु भयो । परिणम स्वरुप उहाँ दुःखी हुन थाल्नु भयो र सेवकाईका कुरा गर्न झन्झट लाग्न थाल्यो । तर उहाँले पश्चताप गर्नुभयो । परमेश्वरको महिमा होस् । परमेश्वरलाई प्रसन्न तुल्याउने बलिदान सम्पूर्ण हृदयले मात्र सम्भव हुन्छ । अवेर भएपनि प्रेम गरिराख्नु नै त्याग हो । परमेश्वरले अवश्य सुन्नु हुन्छ बलिदान नै प्रेम हो यशु स्वयमले पनि क्रुसमा सोही नै गर्नु भयो । किनकि बलिदान नै परमेश्वरको मायाको भाषा हो ।

आपैmलाई सोध्नुहोस के आज तपाई परमेश्वरको प्रेमको खातिर बलिदान गदै हुुनुहुन्छ वा मात्र एक कर्तव्य सम्झी आफ्नो हृदयको लागि प्रार्थना गर्नुहोस् र सोध्नुस आपैmलाई आफ्ना सारा हृदय आज तपाई के कुरा अर्पण गरी परमेश्वरलाई प्रसन्न पार्न सक्नु हुन्छ । त्यस कुरालाई बलिदान गर्नुहोस् ।

**एक जीवित बलिदान**

दिनः-५

***यूहन्ना १९ः२६-३०***

‘मीकयोङ्ग’ ले जब येशू क्रुसमा टिङ्गीएको र त्यहाँबाट आफ्नो आमालाई हेरेको बारेमा पढ्नु हुन्छ । उहाँलाई कस्तो महशुस हुन्थ्यो होला भनि सोच्नु हुन्छ । धेरै आमाबुबाको लागि सन्तानको मृत्यु कल्पना पनि गर्न नसक्ने कुरा हुन सक्छ । सो भन्दा बढि परमेश्वरलाई पिडा भएको थियो जब येशूले केहि पाप नगर्दा पनि क्रुशको त्यो निर्दयी मृत्यु झेल्नु परेको थियो ।

‘मीकयोङ्ग’ को सात वर्षको मण्डलीका लागि प्रशासनिक कार्य अवधीमा उहाँ र उहाँको श्रीमानले फिलेपिनो चेलाहरुका जीवनमा धेरै घटनाहरु घटेको देख्नु भयो । तर बरनाड र नेन्सीको कथा सम्झदा अभैm पनि उहाँ भावुक हुनुहुन्छ । मीकयोङ्ग लेख्नु हुन्छ कि एक रात जब उहाँ र उहाँको श्रीमान र उहाँको ३ वर्षिय छोरी चारलिन चर्च अगाडी बसका लागि पर्खिराख्नु भएको थियो । एक लागु पदार्थ सेवन गरी गाडी चलाइरहेको चालकले उहाँलाई ठक्कर दिइ गाडी पर्खालमा जोती दियो । यस दुर्घटनाले बरनाडको काधको हड्डी भाँच्यो न्यान्सीको देब्रे खुट्टा टायरले नराम्रो सँग थिच्यो । जुन खुट्टा पछि काट्नु प¥यो । र उहाँहरुको सानी छोरी मारियो ।

उहाँ अभैm पनि त्यस रात उहाँहरुलाई अस्पताल भेट्न गएको सम्झीदा सिरिङ्ग हुनुहुन्छ । चार्ली र उहाँ केहि पनि बोल्न सक्नु भएन । उहाँहरु मात्र रुन सक्नु भयो । अत्याधिक रक्त स्राव र त्यस घट्नाको कारणले न्यान्सीको होस आएको थिएन । सारा मण्डलीका चेलाहरुको माया, रगतको खाँचोमा रगत, पैसा, समय, खाना र सहयोग केहि कमि रहेन । मनिलाको चेलाहरु आम्दानी धेरै नभए पनि सहयोग गर्न सबै जना तत्पर भए । मीकयोङ्ग भन्नुहुन्छ – उहाँको निम्ती वरनाड र न्यान्सी जीवीत बलिदानको एउटा महान् उदाहरण हुनुभयो । उहाँहरुको छोरीको मृत्यु, न्यान्सीको खुट्टा काट्नु पर्दा पनि, आर्थिक अप्ठ्यारा , पुनर्बास साथै अन्य धेरै कठिनाई वाबजुद मीकयोङ्ग भन्नुहुन्छ कि उहाँको मण्डली वरनाड र न्यान्सी एक जोशीलो जोडी हुनुहुन्छ । सबैलाई प्रोत्साहन गर्नुहुन्छ । उहाँहरु एक नाजुक ठाउमा बस्नुहुन्छ । जुन एक डम्पीङ साडडको रुपमा पनि चिनिन्छ । वरनाडले यता उता काम गर्नु हुन्छ । र उहाँहरुको जीवन गरिबी रेखामुनीको अवस्थामा छ । उहाँहरुको हृदय र विश्वास देखेर मिकयोङ्ग अचम्ममा पर्नुहुन्छ ।

मीकयोङ्ग जब जीवनका चुनौती भएर जानुहुन्छ । तब वरनाड र न्यान्सी र परमेश्वरको बारेमा सम्झनु हुन्छ । परमेश्वरले गर्नुभएको त्यागको कारणले वरनाड र न्यान्सी र सबै जनाले यस संसारमा आशा गुमाउनु पर्दैन । मीकयोङ्ग हराएको यस संसारलाई परमेश्वरबाट मात्रै सम्भव त्यस आशा वाड्न जीवित बलिदान बन्न चाहनु हुन्छ ।

आज तपाई कसरी आफ्नो जीवनलाई जीवित बलिदानको रुपमा प्रस्तत गर्नसक्नु हुन्छ ?

## सच्चा चेलाहरु सबैकुरा त्याग्न पनि तत्पर हुन्छन्

दिनः-६

*मर्कूस १०ः२६-३१*

चेलाहरुलाई थाहै थिएन त्यस दिन जब येशूले शताब्दी कै सबैभन्दा ठूलो अफर दिदै हुनुहुन्थ्यो आफ्नो लगानीमा सत प्रतिसत नाफा यस धर्तिमा मात्रै नभएर सय गुणा बढि आउने समयमा अनन्त जीवन तर एउटा कुरा तिमीले सबै कुरा त्याग्नु पर्छ (घर, दाजुभाइ, दिदी, बहिनी, आमाबुबा, सन्तान, काम) विश्वास गर्ने नसकिने कुरा, चेलाहरुले पत्ताउनै सकेनन् । र तिनीहरुले येशूलाई सोधे त्यसो भए को बाँच्न सक्छ र ? येशूले तिनीहरुलाई हेरेर भन्नुभयो 'परमेश्वरका निम्ति सबै कुरा सम्भव छ' ।

'पल अलिदानी' (एक मुस्लीम पृष्टभुमी भएको) येशूलाई आफ्ना प्रभु बनाउन चाहन्थी । तर एउटा मात्रै समस्या उनको परिवारले उनीलाई मार्ने धम्की दिए । –त्यस ठाउँमा मुस्लीम र ख्रिष्ट्रियनको द्वन्द त्रीव हुने गर्छ । चेस्टर उमागुङ की श्रीमती सिरीकीटले उनीलाई परमेश्वरको वचन अध्ययन गरी उनीलाई बप्तिस्मा दिए । रिसले चुर भएको परिवारले पल अलिदानीलाई घरमा थुनेर राखे । तर पल अलिदानी पछाडीको ढोकाबाट भागी मात्र शरिरमा लगाएको लुगा लिई नत कुनै पैसा नत कुनै सामान एउटा डुङ्गमा बसि २० घन्टाको यात्रा पार गरि मेट्रो मनिला ख्रिष्ट्रियन चर्चमा जान थालीन् ।

परमेश्वर आफ्नो प्रतिज्ञाबाट फिर्नु भएन । पल आज एक विवाहित र आमा हुन् र आज उहाँ आफ्नो श्रीमानसँग होप वल्डवाइड पिलिपयन्सको अगुवाई गर्नु हन्छ । ४५०० नयाँ दाजुभाइ र दिदी बहिनी साथै हजारौ होप का नानीबाबुहरु आज उनको परिवार भएको छ । उनको मुस्लीम परिवार पनि आज उसको नयाँ जीवन देखी खुशी छन् ।

बिचार गर्नुहोस्, चेला भएर आज केहि छ जो तपाईले त्याग्नु पर्नेछ ?

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

# आज्ञाकारिता-सिद्ध बलिदान

दिनः-७

***हिब्रु १०ः१-११***

अचम, अश्चर्य चकित, प्रभावित, जस्ता शब्दले येशूको प्रेम हामी प्रति कस्तो थियो भने र जनाउछ । हिब्रु ५ अनुसार येशूले बलिदान मार्पmत आज्ञाकारिता सिक्नुभएको थियो । उहाँको बलिदानले पूनउत्थान सम्भव भयो । सिद्ध आज्ञाकारिताले सिद्ध बलिदान ल्यायो ताकी हामीले अनुग्रह र मुक्तिको सिद्ध उपहार पाएका छौ । येशूलाई के कुराले बलिदान गर्न प्रेरित ग¥यो ? हिब्रु १२ ले बताउछ कि उहाँ अगाडि राखिएको आनन्द नै हो । त्यो आनन्द हामी सबै मानवजातिका लागि परमेश्वरको उद्द्श्य नै थियो । हाम्रो दिमागमा येशूले हाम्रा निम्ति के गर्नुभयो त्यसको मनन गरौ ।

यी वचन पढ्नु होस् ।

***२ कोरिन्थी ५ः२१***

***यूहन्ना १७ः२२, १५ः११***

***एफिसी २ः६***

येशूको सिद्ध आज्ञाकारिता र बलिदान मार्पmत नै हामीले यी कुराहरु प्राप्त गर्नसकेका छौ । परमेश्वरले उहाँको प्रेम र अनुग्रह अत्यन्त धेरै खन्याउनुभएको छ । केही बाकी राख्नुभएन – कुनै खुशी, प्रेम, आनन्द र क्षमा । उहाँले भनेको कुरा सबै छन् ।

आज तपाईको लागि आज्ञाकारिता आनन्द अथवा भारी के भएको छ ? स्वतन्त्र वा जेल ? परमेश्वर प्रति आज्ञाकारिता को अर्थ कुनै धार्मिक विधीविधान भन्दा धेरै फरक छ किनकि यो येशूका निम्ति अत्यन्त फरक थियो । आज्ञाकारिता परमेश्वरको आशिष र अनुग्रहको लागि आभारी र आनन्दको प्रतिक हो ।

चुनौती ः आज तपाईलाई परमेश्वरको आज्ञा पालन गर्न के कुराले रोक्छ ? अर्कोको चेलासँग स्वीकार गर्नुहोस ।

..................................................................................................................................

..................................................................................................................................

..................................................................................................................................

## बलिदान-हृदयको कुरा हो

दिनः-८

***लुका ७ः३७-४७***

कल्पना गर्नुहोस फरिसीहरुले येशूलाई भोजनका लागि निम्तो दिनुभयो । मिठो भोजन, भब्य तयारी, राजकीय भुषा, धार्मिक विशिष्ठ वर्गका व्यक्तिहरुसँग संगत बढाउन एक उत्तम मौका । तब एक पापी स्त्री सायदै (एक वेश्या) आउँछे । उसले आफुसँग एक सिङ्गमरमरको शिशीमा अत्तर ल्याई उहाँको पाउमा लगाई रुन्छे । सबै नजर उनीमा पर्छ । तरै पनि येशूको पाउमा परि उनी उहाँको पाउ आँशुले धोई आफ्नो कपालले उहाँको पाउ पुच्छे । सबै जना झन् रीस र घृणाले हेर्छन् । तर येशूले त्यस स्त्रीलाई दयाले भरिपूर्ण भई उनको सबै पाप क्षमा गरीदिनु हुन्छ । येशूले त्यस स्त्रीको सच्चा बलिदानी र पश्चातापी हृदय देख्नु भयो ।

के आज तपाई परमेश्वरले क्षमा गरिदिनु भएको तपाईको अधर्म को लागि आभारी हुनुहुन्छ ? के तपाई आज करकापले बलिदान गर्नुहुन्छ ?जब तपाई बलिदान गर्नुहुन्छ कसलाई प्रसन्न पार्नु हुन्छ ? तपाईको जीवनको कुन क्षेत्रमा बलिदान हृदयमा तयार पार्न संघर्ष गर्नु परेको छ ?

'क्यालोइ गाबुकान' चेला बन्नु पहिले सम्मान र आराम मन पराउथे । तर उहाँको बप्तिस्मा पश्चात, परमेश्वरले उहाँलाई येशूको पाउमा ल्याई वलिदान मन पराउन सिकाउनु भएको छ । जब पनि उहाँ फर्केर हुर्नेहुन्छ कसरी उहाँलाई परमेश्वरले उहाँको पापबाट छुटकारा दिइ माफ गर्नुभएको छ । आफुसँग जे छ जे सक्नुहन्छ । अत्तरको भेटी स्वरुप येशूमा अर्पण गर्नुहुन्छ । उहाँलाई कहील्यै येशूको हृदय र उहाँको बलिदान बिर्सनु हुन्न ।

सोच्नुस् आज तपाईको जीवनको कुन क्षेत्रर्मा आभारी बन्न बाँकी हुन्छ । त्यस क्षेत्रमा इमान्दार हुने निर्णय गर्नु होस् । परमेश्वरलाई उहाँको क्षमाको लागि कति धैरै आभारी हुनुहुन्छ भनी चिठ्ठी लेख्नु होस् ।

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

# एक बुबाको बलिदान ÷ त्याग

दिनः-९

***उत्पति २२ः१-१४***

मेट्रो मनिला ख्रिष्टियन चर्चका बरनाड र न्यान्सीले जस्तो परिस्थीती मार्पmत जानु परेको थियो साथै हामी कतिले कल्पना मात्रै गर्न सक्छौं । चर्चबाट घर फर्कने क्रम मदिरा सेवन गरेको चालकले उहाँहरुको जीवनमा विनाश ल्याइदियोे । यहि अन्त थिएन । यसको केहि महिना पछि भिषण वृष्टिको कारणले पुरा गाउँ पहिरोको कारणले गर्दा पुरियो । सयौं टन माटो र फोहोरले गाउँमा भएको धैरै मान्छे पुरिए र मारिए । जीवन सरल नभई झन कठिन र असहनीय भयो ।

तर आज पनि बरनाड र न्यान्सी त्यत्तिकै विश्वासीलो हुनुहुन्छ । मण्डलीका अरु दाजुभाइ र दिदीबहनीलाई सहयोग गर्न प्रार्थना गर्न छोड्नु भएको छैन । कसरी आज उहाँहरु एक पछि अर्को आएको वज्रलाई सही परमेश्वरलाई त्यागी दिएका छन् ।

आज हामी कति स-साना समस्यादेखि थाकेर परमेश्वरबाट आफ्नो भरोसा हराउँदछौ । यत्रो परिक्षा वाबजुद वरनाड र न्यान्सी परमेश्वरप्रति सच्चा रहि विश्वास त्यागेको छैनन् । उहाँहरु एक गवाही हुनु हुन्छ कि कसरी विभिन्न परिस्थीती मार्पmत परमेश्वर हाम्रो हृदयलाई तयार पार्नु हुन्छ । उत्पति २२ मा अब्राहाम परमेश्वरसँग हिड्थे भन्ने वचन हेर्दा थाहा पाउँछौं । अब्राहामको जीवनमा कति धैरै परिक्षाहरु आएका थिए । उहाँको चरित्र, वफादारिता, र विश्वास हल्लाउन विभिन्न परिक्षा आइनै रहे । हामी सजिलै कल्पना गर्न सक्छौं की उहाँलाई मोरियाह पर्वतमा कस्तो परिस्थीतीबाट जानु परेको थियो। अब्राहामले परिक्षामा पनि अडिग रहन संके किनकि उहाँले विश्वास गरे परमेश्वरले सबै कुराको व्यवस्था गर्नुहुन्छ र उनको बचाउको लागि आउनु हुन्छ । (हिब्रु ११ः१९) जस स्वरुप उहाँ हाम्रो विश्वासको पिता बन्नु भयो । बेन चौ चेला हुनु भएको १३ वर्ष भयो । चेला भई यस छली आडम्वरी पापी संसारमा ज्यूनु सजिलो कुरा होइन भनी उहाँ भन्नु हुन्छ । अब त उहाँहरुको छोरा छोरी पनि छन । जीवनमा अरु धैरै परिक्षा भएर जानु पर्ने कुरा सम्झदा रमाइलो साथै डर पनि लाग्छ ।

परमेश्वरमा जब बृद्ध हुँदैजान्छौ उहाँमा अरु समर्पित हुन सिकौं ।

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

# हृदयको आकार

दिनः-१०

***मर्कुस १२ः४१-४४***

परमेश्वरको राज्यको विस्तारको निम्ति आर्थिक रुपमा बलिदान गर्नु उहाँ प्रति आभार प्रकट गर्ने एक उत्तम तरिका हो । एउटा कुरा याद राखौ कि हाम्रा हरेक बलिदानका कारण एक आत्माले अनन्त जीवन पाउने अबसर प्राप्त गर्छ । आमालिया भन्नुहुन्छ कि हामी चेलाहरु भएर बिताएका यति वर्षमा उहाँले सिक्नु भयो कि हामी प्रेम नगरीकन दिइरहन सक्छौ तर प्रेम गरेर नदिइरहन सक्दैनौ । बलिदानी हृदयको उदाहरण खोज्न हामी समुद्रपारी जानु पर्दैन किनकि परमेश्वर नै यसको ठूलो उदाहरण हुनुहुन्छ । उहाँले हामीलाई गर्नु भएको प्रेमको खातिर आफ्नो एउटै मात्रै छोरा दिनु भयो कि हामी असल जीवन ज्युन सकू ।

मर्कुस १२ः४४ किनभने सबैले आफ्नो-आफ्नो प्रशस्ताबाट चढाए, तर यस स्त्रीले चाही आफ्नो दरिद्रताबाट आफ्नो सारा जीवीका नै अर्पण गरी ।

त्यस गरिव बिधवाले उनको हृदयको उदारताको कारणले प्रशसीत भई, आफ्नो चन्दाको परिमाणले होइन । अरुको भेटीको दाँजोमा उनको भेटी कम भए पनि त्यस सानो भेटी पछाडीको हृदय निकै विशाल थियो । त्यस स्त्रीलाई अव अर्को खाना कहाँबाट आउछ भन्ने कुराको पनि कुनै पर्वाह थिएन । उनी केवल परमेश्वरप्रति आफ्नो सम्पूर्ण भक्ति जे छ त्यहि अर्पण गरि व्यक्त गर्न चाहन्थी । त्यस गरिब स्त्रीले अमालियालाई त्यस मण्डलीका परिपक्क चोलाहरुको प्रेरणशील उदाहरण स्मरण गराउदछ । लिनदा एक एक्लो आमा हुन् जसका ५ छोरा छोरी र ८ नातानातिनी छन् । उनको २ छोरीहरु र छोरा चेला हुन् । उनको आम्दानीको स्रोत भनेको भातको बनेको केक बेची र स-साना घरको काम गरी आउने हो । उनको हृदय विशाल छ । सङ्गतीमा पनि उनी जोशीलो हुनुहुन्छ । उनी घरबाट सेवकाई आउन डेढ घन्टा गाडी चढी आउनु हुन्छ । उनी आफ्नो न्यून आम्दानीबाट पनि आफ्नो मासिक चन्दाको साथ साथै मिसन चन्दा ९अयलतचष्दगतष्यल० दिई अरु सबै चेलालाई अचम्ममा पार्न सफल छिन् । उनी आफ्नो सानो भेटीले परमेश्वरको वचनले मानिसको  जीवन परिवर्तन गर्ने कार्यमा सहयोग पु¥याउने कुरा सम्झी आभारी छिन् । उनी मण्डलीका चेलाहरु मध्येका एक आनन्द र जोश भरिएको एक चेला हुन् । गत वर्ष उनी ‘बाइबल टक’    लिडर बनि परमेश्वरको वचन झन जोशीलो तवरले वाड्ने गरेकी छिन् ।

आज हामी भेटी चढाउदा आफ्नो हृदयको जाँच गरौं । के आज हामी उदार चित्तले दिन्छौ ? परमेश्वरमा कोमल हृदयले उहाँप्रति कृतज्ञ रहिरहन उहाँमा प्रार्थना गरौं ।

..................................................................................................................................

..................................................................................................................................

..................................................................................................................................

**टुक्रिएको हृदयको बलिदान**

दिनः-११

***भजनसंग्रह ५१ः१६-१७, १४७ः३***

दाउद परमेश्वरलाई प्रसन्न पार्न खोज्ने व्यक्तिको रुपमा पनि चिनिन्छ । तर कसरी एक व्यभिचारी, हत्या, छली गर्ने व्यक्तिले परमेश्वरलाई प्रसन्न पार्न सक्छ त ? हृदय टुटेपछि मात्रै मानिस परिवर्तन हुन्छ । र यो परमेश्वरलाई पूर्ण रुपमा भरोसा गर्ने निर्णय गरेपछि आउछ । परमेश्वर टुटेको हृदय इच्छा गर्नुहुन्छ यस्तो हृदयलाई तिरस्कार गर्नुहन्न ।

यो बचनले 'सिरीकित' लाई मनिला चर्चका चेलाहरुको स्मरण गराउँदछ । बुम र एन्जल जुन फिलीप्पीन्सको एक परिचीत व्यान्डको सदस्यहरु हुन् । तर उनीहरुले खोक्रो खिष्ट्यिन जीवन यापन गरिरहेका थिए । पाप कहिले लुक्दैन र उनीहरुको पाप उदाङ्गो भयो र दुबै जनाले संगै परमेश्वरलाई त्यागे ।

एक दिन ती दुबै जना सिरीकितको घरमा आए र उनहरुले फेरी परमेश्वरको राज्यमा फर्कने इच्छा जाहेर गरे । एन्जल गर्भवती थिइन् । उनीहरुको साथ यस्ता विकल्पहरु थिए – परमेश्वरको मण्डली त्यागी भागेर विवाह गर्ने वा पुनः टुटेको हृदयले परमेश्वरसंग पाप क्षमाको निम्ति बिन्ती गर्ने । उनीहरुले दोस्रो विकल्प छाने र तिनीहरुको सम्बन्धलाई अन्त गरी व्यक्तिगत रुपमा परमेश्वरको खोजी गर्ने निणर्य गरे ।

सिरीकीत र उनको श्रीमानले फेरी यी हराएको आत्मालाई सहि बाटो देखाउने अबसर प्राप्त गरे । एक वर्षसम्म उनीहरुले बुम र एन्जललाई वचन अध्ययन गराई प्रार्थना गरे । उनीहरु पूर्ण रुपमा टुटेका थिए । र गत फेब्रुवरीमा उनीहरु पुनः मण्डलीमा स्वीकारीए ।

उनीहरुले आफ्नो संसारिक सपना र पापमय सम्बन्ध त्यागी परमेश्वर तिर फर्के । उहाँको प्रतिाज्ञालाई पुनः सम्झी आफ्नो गल्ती स्वीकारे । मार्च महिनामा उनीहरुलाई पुनः विवाहको आत्मीकी रुपमा काम सुरु गरियो । ब्रदर बुमले एक निकै चर्चित गीत लेखे जसलाई एसिया भर देखाउनलाई ःत्ख् राजी भयो जुन mगकष्अ खष्मभय मा फिलिपिन्सका राष्ट्रिय स्तरको कलाकार र सिरीकीतका श्रीमान र अरु ५ जना चेलाहरु पनि थिए । उनीहरुले पश्चाताप गरे पछि बुम र एन्जल एक प्रख्यात गायककार भिगन एन्युलरद्वारा फलवन्द पनि भए ।

टुटेको र पश्चातापी हृदय मार्पmत मात्रै परमेश्वर एक दुःखत घटनालाई पनि विचमा बदल्नु हुन्छ । आज हाम्रो जीवनमा कुन क्षेत्रमा परमेश्वर प्रति टुटन र नम्र हुनु जरुरी छ ?

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

**निरन्तरताः प्रेमको बलिदान**

दिनः-१२

***१ यूहन्ना ४ः७-१२***

नयाँ करारमा ‘निरन्तरता’ शब्द एक अर्कालाई निरन्तर प्रेम गर्न प्रयोग गरिएको छ ।अर्को अर्थमा यस शब्दको अर्थ कुनै रुकावटविना नियमित, कायम गर्नु, सहनु, एकै अवस्थामा रहिरहनु, प्रयासरत रहनु, लगाव हुनु आदि जनाउदछ । यो वचनले हामीलाई सचेत गराउँछ कि हामी आफ्नो प्रेमबाट थाक्न, वा मन फिराउन सक्छौ । सहि सम्बन्ध कायम राख्न नदिनुको शत्रू स्थिरता नहुनु हो । कुनै दिन हामी हरप्रकारको त्याग बलिदान गर्न पनि तत्पर हन्छौ । तर कहिले हामी सानो कुरालाई माफ गर्न पनि तयार हुदैनौ ।

निरन्तर शब्दको प्रयोगले अप्ठ्यारा परिस्थितीमा पनि तत्पर रहनु भन्ने कुराको संकेत गर्छ । हामीलाई सराप्नेलाई पनि निष्कपट प्रेम र प्रार्थना गर्नु – यहि नै त्याग वा बलिदानको उदाहरण येशू मसिहले आज हाम्रो लागि गर्नु भो । यस्तो महान प्रेम कहाँ देख्न सक्छौ ?

१ युहन्ना ४ ले यस रहस्यलाई बताउँछ । हामीले पहिले परमेश्वरलाई प्रेम गरेका होइनौ । हाम्रो कार्य र प्रयासले यो सम्भव भएको होइन । परमेश्वरले हामीलाई दर्शाउनु भएको प्रेम नै साँचो र सत्य प्रेम हो ।

‘एडमण्ड सुपरियो’ चेला भएको १३ वर्ष भन्दा बढि भयो । उहाँको यो चेलाको सफरमा उहाँले धैरै बलिदानहरु र लगभग १३ पटक भन्दा बढि ‘विशेष सहयोग’ भेटी दिनु भएको छ । सन १९९१ मा उहाँले मनिला भन्ने सहरमा आफ्नो साथमा दुई वटा झोला मात्रै लिई जाने निर्णय गर्नु भो ।

मेरो घर परिवार, सुरक्षीत वातावरण, अमेरिकामा रहेको जीवन र सबै आर्थिक सपनाहरु त्यागी मनिला छिर्दाको डर आज पनि उहाँले बिर्सनु भएको छैन । उहाँले एक प्रसिद्ध विश्वविद्यालयको पढाई र डाक्टर ९मयअतभच० बन्ने सपना सबै कुरालाई छाडी मनिला आउन उहाँ तयार हुनुभयो । पुनः सन् १९९६ मा प्रभुले उहाँलाई व्याकोलोड सहरमा सेवकाईका लागि अगुवाई गर्नु भो । फिलीपिन्समा ११ वर्ष भन्दा बढि बस्दै आउनु भएको छ । र यी समयमा प्रभुले उहाँलाई अचम्म तरिकाले आशिष दिए र एक सुन्दरी र आत्मीकी चेलासंगको विवाह पनि गराउनुभयो । आज दुई जना तारा जस्ता छोरा र छोरीले उहाँहरुको परिवार खुशी भएको छ (सोफिया एन र सिन ब्राइन) । जीवनको यात्रालाई फर्की हेर्दा र सबै त्यागहरु सँम्झदा उहाँ स्वीकार्नु हुन्छ की निरन्तर प्रेममा अगि बढनु सबै भन्दा ठूलो त्याग थियो । उहाँको परमेश्वरसँगको यात्रामा र अरुसँगको सम्बन्धमा स्थिर भइ रहने निर्णय नै सबै भन्दा ठूलो बलिदान थियो ।

परमेश्वरमा आनन्दित र जोशीलो हुन प्रेरित गर्ने योजना बनाउनु होस् ।

कति बजे उठ्ने, के पढने, कति प्रार्थना गर्ने, कसलाई परमेश्वरमा मद्दत गर्ने, स्पष्ट लेखी त्यसमा रहनुहोस् ।

..........................................................................................................................................

# कष्ट – विश्वासको बलिदान

दिनः-१३

***मत्ती १५ः२१-२८***

छोरी दुष्ट आत्माद्वारा सताइएको हुदा त्यस कनानी स्त्री ठूलो पीडामा थिई । आफ्नो छोरीको लागि येशूमा बिन्ती गर्नु बाहेक अरु कुनै उपाय थिएन । उनको सहायता अरु कसैले गर्न सक्दैन । उहाँका चेलाहरुले तिनलाई धपाउन खोजे । तर पनि उनले हार मानिन । विश्वास गर्न छेडिन । उनको दुःखले येशूको चमत्कारको लागि उनलाई अझै दृड बनायो । दुःखका वाफजुद उनको पूर्ण विश्वासले स्वयम येशू चकित हुनुभयो र उसकी छोरीले चङ्गाई प्राप्त गरी ।

हाम्रो दुःख पिडामा पनि दृडता साथै विश्वास गर्नाले येशू प्रसन्न हुनुहुन्छ । सन् २००१ लेगापी मण्डलीको स्थापनादेखि वर्तमान समय सम्ममा सबै भन्दा चूनौति पूर्ण तथा फलवन्द पनि रहयो । मेयोन ज्वालामुखी दुई पटक फुट्यो र यसबाट निस्केको विषालु खरानीले पूरा सहर र लेगापी मण्डली ढाक्यो, सन् १९६८ पछि लामो समयमा यस्तो भएको थियो । यस भिषण ज्वालामुखीको कारणले पूरा सहर आगोको भट्टी भैm तातेको थियो । यस मेयोन पर्वतको बेसीबाट मानिसहरुलाई बिस्थापित गरियो जसमा मण्डलीका र परिवार पनि थिए । नजिकैका चेलाहरु लगायत बस्तीका अरु मानिसहरु ज्वालामुखीको विषालु खरानी परेका पानी खाँदा धेरै जना बिरामी परे । मनीला मण्डलीमा चेलाहरुको उदारताको कारण गापि मण्डलीका दाजुभाइ दिदी बहिनीहरुले बोटलको पानी(सुरक्षित पानी) पिउन सके । तर पनि विषालु खरानीले त्यहाँको पानी, हावा, बनस्पति सबै प्रभावित भएका थिए । त्यस मण्डलीका चेलाहरु आफ्नो आफ्नो स्वास्थ सुरक्षा र जीवनको लागि भयभित थिए । यी सबै दुःख पिडा बाबजुद लेगापीका मण्डलीले हार नमानी विश्वास गरि नै रहे । त्यस साल (सनः २००१) मा मण्डलीको संख्या झन झन बढ्दै नै गयो । ती सबै अप्ठ्याराका बाफजुत । पुरुषको संख्या करिव करिव दुइ गुणा भयो । ज्यालामूखीको विस्फोटन समयमा पनि ३ जना ब्रदरले येशूको नाउमा बप्तिस्मा लिए । मण्डलीको दृडता र विश्वासलाई मध्य नजर गर्दै प्रभुले आशिषको झरी बर्साउन छाड्नु भएन । त्यस साल उहाँहरु नागा भन्ने ठाउँमा नयाँ मण्डली स्थापना गर्न सफल हुनभयो, जुन त्यस राष्ट्रको व्यापारिक केन्द्र हो ।

तपाईले भोग्दै गर्नु भएका दुःखहरुले तपाईलाई विश्वासको शक्ति पछ्यान प्रेरित गारोस, पापसँग झुक्न होइन ।

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

# बलिदान दिनु पहिले नम्रता

दिनः-१४

***१ शामूएल १५ः२०-२३***

परमेश्वरले शाउललाई इस्रायलको प्रथम राजा अभिषेक गर्न चुन्नु भयो । उसलाई आफु राजा हुने योग्यको नभएको हुनाले सुरुमा नम्रताका साथ आफ्नो शासन स्वीका¥यो । १ शामूएल १५ मा परमेश्वरले शाउललाई अमालेकीहरुलाई उनीहरुले इस्राइली माथि गरेको अन्यायको लागि सजाय दिन संहार (नष्ट) गर्ने आज्ञा गर्नु भयो । परमेश्वरले स्पष्टसँग सबै अमालेकीलाई र उनीहरुको गाइवस्तुसमेत संहार गर्ने आज्ञा गर्नु भएको थियो । तर शाउलले अमालेकीहरुका राजा आगाग र असल गाइबस्तुलाई भने मारेन, जे जे असल थियो त्यसलाई आफु सँग राख्यो । जब शामूएलले शाउललाई उसले गरेको पाप (अनाज्ञारिता) को बारेमा सोधे । उनले पाप नगरी अरु राम्रो काम गरेको भनी बहानाहरु पेश गर्न थाल्यो । शाउलले आफ्नो यस अपराध (परमप्रभु को आज्ञा नमान्नु) को कठोर परिणाम भोग्नु प¥यो । शाउल हठी र घमण्डी बन्यो र कुनै पनि प्रकारको बलिले उसले गरेको पापलाई  ढाक्न सकेन । फल स्वरुप शाउल राजाको पदबाट खस्यो ।

हामी पनि धेरै पटक शाउल जस्तो कार्य गर्छौं । सुरु सुरुमा परमेश्वरको कृपा र प्रेमको योग्यको नभएको महशुस गर्छौं र उहाँलाई सारा हृदयले पुजी महिमा चढाउछौं । जब समय बित्दै जान्छ हामीभित्र घमण्डको किरा छिर्छ । परमेश्वरको आज्ञा छोडी आफ्नो मागहरु परमेश्वर सम्मुख राख्न थाल्छौ । हामी ख्रीष्टयन भई ज्युँछौ । हामी सोच्छौं कि परमेश्वरले हाम्रो हरपुकार र इच्छा पूरा गर्नै पर्छ । पूरा नभए पछि मन तितो पार्छौं । स-साना पापमय स्वभावबाट ठूला पापमा भासिन थाल्छौं । अन्तमा हाम्रो घमण्ड नै हाम्रो शुरुको बलिदानको पतनको कारण बन्छ ।

साराया मानालोटोको जीवन गत वर्ष निकै चुनौति पूर्ण थियो । उहाँको पिताको देहान्तबाट उहाँलाई ठूलो चोट परेको समयमा उहाँको वैवाहिक जीवनमा समस्या झेल्नु प¥यो । छोराछोरीहरुको स्वस्थ्य सम्बन्धी समस्या सम्बन्धमा चिसोपना, साथै मण्डलीका विभिन्न चुनौतीहरु, परिक्षाहरु, यी सबै कारणले उहाँ परमेश्वरलाई गनगन गर्न थाल्नु भयो । यस्तो सोच्नु भयो – मैले हरकिसिमको त्याग गरें । तर उहाँको घमण्डले उहाँलाई शंका र तितोपना तर्पm धकेल्दै लग्यो । परमेश्वरको महिमा होस्, उहाँले आफ्नो घमण्डीपनलाई त्याग्नु भयो । उहाँले पुनः नयाँ जीवन पाउनु भयो र उहाँलाई लाग्छ यो जीवन ज्युनको योग्यको उहाँ हुनुहुन्न तर परमेश्वरको कृपा र प्रेम बिशाल छ ।

आफुलाई परमेश्वर सामु राख्नुहोस् । उहाँको महिमा गाउने योग्यको नभएको कुरा महशुस गर्नुहोस् ।

..................................................................................................................................

..................................................................................................................................

..................................................................................................................................

# ठूलो कृतज्ञता – ठूलो बलिदान

दिनः-१५

***रोमी १२ः१, १२ः६-८***

जब तपाई आराधना शब्द सुन्नु हुन्छ तब सबै भन्दा पहिले तपाइको दिमागमा के आउदछ ? परमेश्वरको आराधना भन्नाले शनिबार हामी जे गर्छौं, मात्र ती कुरा पर्दैन । यस शब्दले हामी को हौं र चेलाको नाताले हामी के गर्छौं भन्ने परिभाषा दिनु पर्दछ । हामी आफ्नो समय कसरी बिताउँछौ, हामीलाई प्रभुले दिनु भएको प्रतिज्ञाहरु कसरी प्रयोग गर्छौं, हामीसँग भएको साधनको बलिदान यी सबै आराधनाको कार्यमा पर्दछ ।

'केमिट आगोट' चेला बन्नु भन्दा पहिले एक दौडको लागि धेरै समय अभ्यासमा लगाउनु हुन्थ्यो । कहिले काहीं दिनको तीन पटक अथवा ६ घण्टासम्म अभ्यास गर्नुहन्थ्यो । आज चेला बनि सकेपछि उहाँ सोच्नु हुन्छ कि आज त्यति कै समय उहाँ प्रभुको राज्यको लागि लगाउन तयार हुनुहुन्छ ? के जुन समय हामी प्रभु आराधनामा लगाउछौ यसले केहि फल ल्याउछ र ? उहाँको १२ वर्षको चेला जीवनलाई विश्लेषण गर्दा उहाँ पक्का सँग भन्नसक्नु हन्छ कि – हो यसले फल ल्याउछ । उहाँ विश्वाससाथ भन्नुहुन्छ की मनिला मण्डली बलिदानको जगमा स्थापित भएको हो ।

उहाँ आज पनि स्मरण गर्न सक्नु हुन्छ जब उहाँ एक जवान ख्रिष्टयन हुनुहुन्थ्यो, मनिला सहरमा मिसन टिम लिएर गई परमेश्वरको वचन पैmलाउने काम आफ्नो साथीहरुलाई सुनाएको त्यस सपना त्यसको १ वर्षपछि यथार्थ बन्यो र उहाँले धेरै आषिशहरु प्रभु मार्पmत प्राप्त गर्नु भयो । आफ्नो अमेरिकामा एक ठूलो उड्ययन कम्पनीको राम्रो जागिर त्यागी उहाँ त्यस मिसन टिममा संलग्न हुनुभयो र आज फिलीपिन्समा प्रभुको राज्य (मण्डली) मा फुल टाईम प्रशासकको हैसियत ले काम गर्दै हुनुहुन्छ ।

उहाँ विश्वासका साथ भन्न सक्नु हुन्छ कि प्रभुले उहाँलाई निराश पार्नु भएन तर सयौं गुणा कल्पना गर्नै नसकिने गरीे उहाँको जीवनमा आशिष खन्याउनु भएको छ । त्यस मिसन टिमको कारण जतिको जीवनमा आशाको दिप जलाइन सकीयो, जतिको आत्मा बचियो, प्रभुको आनन्द प्राप्त गर्न जतिले सके, यी सब कुरा हेर्दा उहाँले परमेश्वरमा गरेको त्यागप्रति उहाँ धेरै कृतज्ञ हुनुहुन्छ । आज परमेश्वरप्रतिको निस्कपट आभारपनबाट हाम्रो बलिदान उत्पन्न हुन्छ या यी बलिदानलाई हामी एक कर्तव्यको रुपमा मात्र लिन्छौ । ठूलो कृतज्ञता मार्पmत ठूलो बलिदान नगरिदिएको भए आज तपाईको जीवन कस्तो हुने थियो होला । के आज तपाई परमेश्वरका सुरक्षित छायाँबिनाको जीवन कल्पना गर्न सक्नु हुन्छ ?

आज कष्टमा परेको चेलाहरुका लागि प्रार्थना गर्नुहोस् । बाहना बनाउन बन्द गर्नुहोस् । आज सोच्नु होस् तपाई कहाँ हुनुहुन्छ र जवरजस्त निर्णय गरि सहि हृदय र बिचारसाथ बलिदानी हृदयको निम्ति प्रभुलाई बिन्ति गर्नुहोस् ।

..........................................................................................................................................

# येशूले हाम्रो निम्ति कस्तो पिडा सहनु भयो ?

दिन-१६

***यशैया ५३ः४-१२***

क्रुश ख्रिष्ट्रियनको केन्द्रबिन्दु हो र भइरहने छ । क्रुशले येशूले हाम्रो लागि सहनु भएको पिडा र बलिदानको संकेत गर्छ । यद्यपि जब हामी बाइबल अध्ययन गर्छौ येशूले आफ्नो जीवनका बलिदानहरु क्रुशमा मात्रै त्याग गर्नु भएन । सुसमाचारको हरेक पन्नामा उहाँको जविन नै एक त्यागी जीवनको प्रमाण हो भनी हामी जान्दछौ । कलवरी डाँडा भन्दा पहिले, उहाँले प्रचार गरी चङ्गाई, प्रोत्साहन, सेवा, प्रार्थना, शिक्षा दिदा, रात भर र एक बिहानै मानिसहरुको बिन्ती सुनी उहाँले एक बलिदानी जीवन जीएको हामी पाउँछौ । गेतसमनीको बगैचामा उहाँलाई पुनः बलिदान गर्नुपर्ने कुराको स्मरण भयो । यसपटक सबैभन्दा ठूलो बलिदान परमेश्वरसँग प्रार्थनामा सार्मथ प्राप्त गरी उहाँले फेरी सबै कुरा त्याग्न तयार हुनुभयो । यतिका कुरा सहीसके पछि पनि उहाँ अभैm सहन तप्पर हुनु भयो ।

 'वेडमोन्जे' सिस्टर भन्नुहुन्छ कि गत महिना उहाँले सन्तान जन्माउदाको बेदना पश्चात येशूको प्रेम र बलिदानलाई भिन्नै तरिकाले बुझ्ने मौका पाउनु भयो । उहाँको बच्चाको जन्ममा मेडिकल जटिलता आएकाले उहाँले असमान्य पिडा मार्पmत जन्म दिनु प¥यो । ५ महिनासम्म उहाँलाई भिषण पिडामार्पmत गुज्रनु प¥यो । त्यो पिडा धेरै भयानक र त्रीव थियो । बिहान शरिर दुख्ने, डेलिभरी बेलाको घाउहरु निकै असहनीय थियो । यो सब भएर जान केबल उहाँको बच्चाप्रतिको प्रेमले उहाँलाई मद्दत ग¥यो । यी क्रममा उहाँले कहिल्यै सोच्नु भएन की मैले सहनु सहिसकें अब भो, आफ्नो सन्तानप्रतिको प्रेमलाई उहाँले यस पिडा मार्पmत जान सामर्थ प्रदान ग¥यो । त्याग गर्नै पर्ने समयमा प्रेमले हामीलाई अभैm सहन सहायतता गर्दछ । एक पटक येशूको हाम्रो लागि अभैm 'सहने निर्णय' माथि ध्यान दिनुहोस् । परमेश्वरको प्रेममा परिपक्क भएको चेलालाई उहाँ बलिदान दिन आग्रह गर्नु हुन्छ । यो कुरा बुझौं कि बलिदान कहिल्यै पनि अनावश्यक हुदैन ।

...........................................................................................................................

...........................................................................................................................

...........................................................................................................................

# मेरो जीवन जीउँदो बलिदान बनोस्

दिन-१७

***भजन संग्रह ५०ः१४-१५, १०७ः२१-२२***

एक गायककार बिल च्यापम्यानले लेखेको थिए 'मेरो जीवन एक जीवित पवित्र र स्वीकारणीय बलिदान बनोस्' । रोडल गोन्जाल्वीज पहिले सानोमा उहाँको पूरानो चर्चमा एउटा गीत गुनगुनाउनु हन्थ्यो तर अचम्मको कुरा के हो भने अब बल्ल आएर उहाँले यस गीतको अर्थ बुझ्नु भयो ।

हामीमा परमेश्वरको प्रेम कहिल्यै असफल नहुने र दुःखका परिस्थितिमा उहाँले हाम्रो उद्धार गर्नुहुने कुराको विश्वास हुनुपर्छ । भजनसंग्रह लेखकले सहि लेखेका छन् । हामीले आपैmलाई प्रश्न गरौ । के हरेकदिन उहाँमा भरोसा गर्न तत्पर छौ ? हरेक दिन उहाँको मार्गमा हिड्न के हामी इच्छुक छौ ? प्रभु हामीबाट पुरा समपर्ण चाहनुहन्छ । हरेक चेलाहरु सँग प्रार्थना गर्दा, उपासना गर्दा, वचन पढ्दा पूरा समर्पण गर्नुपर्छ । उहाँको आराधना गर्दा पुरानो करार अनुसार बलिदान एक बाध्यता र प्रभुले दिनु भएको विधी थियो । नयाँ करार अनुसार बलिदान एक कृतज्ञता र प्रभु प्रतिको प्रेम व्यक्त गर्ने एक माध्यम हो ।

मनिलामा, जहाँ सामान्य कामदारहरुको आम्दानी निकै न्युन छ ।जसस्वरुप मण्डलीमा धेरै गरिब चेलाहरु छन् रोडल गोन्जाल्वीज भन्नुहन्छ १२ वर्षको उहाँको चेला जीवनमा उहाँले धेरै चेलाहरुले आर्थिक चुनौतीका वाबजुद प्रभुको कार्यमा आफ्नो सम्पर्ण दिए । उहाँले धेरै यस्ता चेलाहरु देख्नु भयो जसले सेवाकाईमा, आराधना, र आर्थिक सहयोग गर्न नसकेकाले आफ्नो समय र साथले मण्डलीलाई सहयोग गर्न चाहे । मनिला चर्चका चेलाहरु बलिदान र धन्यवादका साथ 'मेरो जीवनलाई जीउदो बलिदान बनाउनुहोस्' भनी प्रार्थना गर्दछन् ।

के तपाई आभारी हुनुहुन्छ ? उहाँको राज्यको लागि जे गर्न पनि तयार हुनुहुन्छ ? तपाई उहाँका निम्ति जीउदो बलिदान बन्न तयार हुनुहुन्छ ?

परमेश्वरमा पुनः समर्पण गर्नु पर्ने केही कुराहरु लेख्नुहोस् ।

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

हाम्रो उद्धारको निम्ति मृत्युको मुखमा सम्पिइनुभयो ।

दिनः-१८

रोमी ४ः२५, १ प्रत्रुस २ः२१-२४

'मेरी सी आर्सेलीना' भन्नुहुन्छ कि रोमी ४ः२५ अनुसार 'मृत्यु' र 'सुम्पिनु' दुई मुख्य शब्द हुन् । यहाँ परमेश्वरको हृदयको चित्रण गरेको छ जहाँ उहाँले सबैभन्दा ठूलो बलिदान आफ्नो एक मात्र पुत्र कुशको मृत्यको लागि सुम्पनु भयो ।

परमेश्वरले हामीलाई जीवन प्रदान गर्न आफ्नो पुत्रलाई स्वइच्छाले बलि चढाउनु भयो । मेरी भन्नु हुन्छ कि स्वइच्छा शब्दले तनाव, विरोध र कुनै हिचकियाहट बिना भन्ने जनाउछ । परमेश्वरले आफ्नै हातले येशूलाई क्रुशको मृत्युका लागि सुम्पिनु भएको उहाँ कल्पना गनुहुन्छ । किला ठोकी टाङ्गिन परमेश्वर स्वयमले येशूलाई दिनु भयो । परमेश्वरको यस क्रुर त्याग गर्न कसैले जबरजस्ती गरेन । एक मानवको लागि आफ्नो मृत्यु भन्दा भयानक केहि हुन सक्दैन । यसबाट कोही पनि उम्कन सक्दैन । मृत्युको सामुन्ने सबै मानव असहाय हुन्छन् । तर परमेश्वरले आफ्नो पुत्रको लागि यहि कुरा चुन्नु भयो । परमेश्वरले सबै कुरा दिनु भयो । जब बलिदानको कुरा आउछ, मेरी भन्नुहुन्छ उहाँलाई भनिला क्याम्पस संगतिको सम्झना आउछ । एकपटकको खानाको भरमा क्यापस, अनि संगती, सबै भ्याउन उहाँहरुलाई असमान्य कुरा छैन । एक क्याम्पस विद्यार्थीको एक दिनको खाना र गाडी भाडा लगभग ७० रुपैया हुन्छ । तरैपनि उहाँहरु जोशिला थिए, उहाँहरुको जीवनमा यतिका कमीको बाबजुद प्रभुको उद्धारता र महिमाको वर्णन कसरी गर्न सक्छन् त्यो नै मुख्य विषय थियो । उहाँलाई लाग्छ यस पछाडीको रहस्य उहाँहरुको कृतज्ञता र आभारी हृदय हो । साँच्चीनै मनिला मण्डली त्याग र कृतज्ञतामा स्थापित भएको छ । चेलाहरुले मेरो जीवनलाई एक जीवित बलिदान बनाउनु होस् भन्न सिकेका छन् ।

आज के प्रभुप्रति तपाई आभारी हुनुहुन्छ ? उहाँको राज्यको लागि तपाई चिन्तित हुनुहुन्छ ? आज के तपाई हरेक दिन प्रभुमा आफ्नो जीवन अर्पण गर्न तत्पर हुनुहुन्छ र प्रभु मेरो जीवनलाई एक जीवीत पवित्र र स्वीकारणीय बलिदान बनाउनुहोस् भनी प्रार्थना गनुहुन्छ ? आज तपाईको जीवनको कुन कुन पक्षमा पुन प्रभुमा समर्पण गर्नु पर्छ लेख्नुहोस् । र के तपाई आनन्दीत चेलाहरुे मध्येमा पर्नुहुन्छ ?

आफ्ना आर्थिक असुविधाका बाबजुद परमेश्वरको राज्यमा सहभागी हुन सदैब इच्छुक मेरी भन्नुहुन्छ उहाँलाई क्याम्पस संगतीको एक ब्रदरको सम्झना आउँछ । उहाँ २ वर्ष अगि घातक दुर्घटनामा पर्नु भएको थियो । परमेश्वरको महिमा होस् की उहाँ आज पूर्ण रुपमा निको हुनभयो तर उहाँको घाँटीको अपरेशनको कारण अप्ठ्यारो आवाजले बोल्नुहुन्छ र हिँडाइमा समस्या देखा परेको छ । तर पनि सेवकाइमा केहि कुराले उहाँलाई छेक्दैन । उहाँ संगतिमा सहभागी हुनु लगभग १० माइलको बाटो हिडी आउनु हुन्छ । उहाँ एक मिनीष्ट्री पनि अगुवाई गर्नु हुन्छ र भजन गीतको अगुवा पनि गर्नुहुन्छ । एडमण्ड ब्रदर परमेश्वरलाई आफ्नो सारा हृदयले पूज्नु हुन्छ ।

परमेश्वरको हृदय 'बलिदानले जीत्ने चेलाहरुलको जीवन बाट प्रेरित होऔ' जसले आफ्नो सब कुरा त्याग्न पनि तयार हुनु भयो ।

.........................................................................................................................................

# पाप हरणको निम्ति बलिदान

दिनः-१९

***हिब्रु ९ः२६, १ पत्रुस ३ः१८***

बाइबल बताउँछ कि येशू मशिहले हामी सबैको पाप हरणको निम्ति क्रुशमा मर्नु भयो । उहाँ यस बलिदानका शिद्धताको कारणले हामी सबै जना परमेश्वरको सामु धर्मि ठहरियौ । येशू मसिहको यस बलिदान भन्दा उत्तम बलिदान अरु केहि हुदैन । पापको दासत्वको जुवाबाट मुक्ति पाउनका निम्ति उहाँले मोल चुकाउनु भयो । आज पनि पाप शैतानको शक्तिशाली हतियार हो । जसको प्रयोगबाट प्रभुले प्रदान गर्नु भएको यस जीवनलाई नष्ट पार्न शैतान हरसमय ढुकिबस्छ । हाम्रा पछिल्ला जीवनको सम्पूर्ण पापमय कार्यहरुको माफी भइसके तापनि अभैm शैतानको पासोमा हामी पर्न सक्र्छौ । पापबाट आउने आत्मा – ग्लानी र शर्मको बादलमा हामी फेरी भासिन सक्छौ । परमेश्वरको राज्यबाट हाम्रा घनिष्ठ साथीहरु छुट्टिएको तीतो अनुभव पनि हामीलाई थाहा नै छ । हामी जवान वा वृद्ध अगुवा जो भएपनि पापको हानीकारक प्रभावलाई हामी अन्देखी गर्न सक्दैनौँ तर येशूको निम्ति प्रभुलाई महिमा होस् कि हाम्रो जीवनमा येशूको उदारहण अनुशरण गरि हामी पनि शैतानको पन्जाबाट निस्की विजयको जिवन ज्युन सक्छौँ ।

स्मीथ प्यारेनो भन्नुहुन्छ कि उहाँले एक चेलाका सम्पूर्ण कार्यहरु १० वर्षको चेला जीवनमा गर्न सिक्नुभएको छ । तर हालसालै आत्मिकी लडाई लडिरहन इश्वरीय जोशमा उहाँ निकै कम हुनु भयो । की पापलाई आफ्नो जीवनमा स्वीकार्न थाल्नु भयो । र संसारको शैली अनुसार बग्न थाल्नु भयो जव उहाँ आफ्नो मण्डलीका अरु साथीभाइलाई हेर्नुहुन्छ सबै जना त्यस्तै प्रकारको आलस्यपन आत्मिकी तरलपनबाट ग्रसित भएको पाउनु भयो उहाँले परिवर्तन गर्ने निर्णय गर्नुभयो ।

यस सालको सुरुवातदेखिनै प्रभुले उहाँको हृदयमा आजसम्म नगरेका कार्यहरु गर्न प्रेरित गर्नु भयो भनी स्मीथ भन्नुहुन्छ । चालिस दिन र चलिस रात उपवास बस्ने जस्तो येशुले गर्नु भएका निडर कार्य सुरुमा मुस्कील भयो तर चालीस दिन सम्म मैले कुनै ठोस खाना नखाइ बसेर परमेश्वरमा प्रार्थना गरिरहेँ, यसपछि मैले मण्डली धैरै परिवर्त महसुस गरे ।

कुनै एक असम्भव काम परमेश्वरमा रहेर गर्नुहोस् । चमत्कारका निम्ति प्रार्थना गर्नुहोस् ।

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

## एकतामा बाँध्ने बलिदान

दिनः-२०

***कलस्सी १ः२१-२२***

माथीको वचनले हामीलाई ख्रिष्टियन हुनु पहिले कस्ता थियौं र हाम्रा पापले कसरी हामीलाई प्रभुबाट टाढा पारेको छ भनी सुचित गर्छ । हामीलाई यस वचनले हाम्रा पाप कसरी क्षमा भएको छ र परमेश्वरसँग हाम्रो मिलाप भएको कुरा पनि स्मरण गराउँछ । परमेश्वरसँग हाम्रो मिलापको मुल्य येशूको बलिदान थियो (साहै नै ठूलो मुल्य) ल्यारी ब्यालेस भन्नुहुन्छ कि उहाँ येशू मशिहप्रति निकै आभारी हुनुहुन्छ किनकि यदि येशू स्वार्थी भई त्यस मृत्यु द्वारा जान अस्वीकार गर्नु भएको भए हामी अहिले पनि अन्धकारमा र पापको सदैव दास हुने थियौं । अन्तमा प्रभुको दुश्मन भैm मेरो अन्त हुने थियो भनी ल्यारी व्यालस भन्नुहुन्छ । क्रुशको त्यस बलिदान साथै मण्डलीका दाजुभाइहरुका बलिदानलाई पनि बिर्सनु हुन्न भनि ल्यारी जी भन्नुहुन्छ । जसले आफ्नो समय उहाँको निम्ति खर्च गरी वचन पढन मद्दत गर्नुभयो र उनीहरुको आफ्ना हृदयका कुराहरु भन्नु भयो । मात्र उहाँको परमेश्वरसँग मिलाप होस् । गत साल एक साथीलाई परमेश्वरको वचन अध्ययन गर्न प्रोत्साहन गरेको उहाँ अहिले पनि सम्झनु हुन्छ । तर त्यस साथीले जवाफ दियो अनि भन्यो कि उ व्यस्त छ र समयको कमि छ । उ रातीको दुई बजेसम्म काम गदौ रहेछ । तर पनि ल्यारी जीले उसलाई त्यसपछि वचनको अध्ययन गर्न थाल्नुभयो । केही व्यक्ती उसको लागि त्यत्रो त्याग गर्न पनि तयार भएको देख्दा त्यो साथी निकै अचम्ममा प¥यो । त्यस व्यक्तिले परमेश्वरको वचन अध्ययन ग¥यो अनि आज परमेश्वर सँगको मिलापमा आयो ।

ल्यारी को श्रीमती उहाँलाई मानिसलाई धैरे प्रेम गर्ने व्यक्तिको रुपमा लिनुहुन्छ । मार्चमहिनाको पहिलो हप्ता उहाँको श्रीमतीलाई ढाडमा असहनीय पिडा भयो । यहाँसम्म की उहाँ ढल्कन पनि सक्नु भएन र सुत्न सक्नु भएन । हतार हतार उहाँले श्रीमतीलाई अस्पतालतिर लग्नु भयो । उहाँको श्रीमती दुई दिनको लागि अस्पतालमै रहनु पर्ने कुरा डाक्टरले भने तर खतराको कुनै कुरा नभएको डाक्टर ले पछि भन्नु भयो । तर उहाँको श्रीमतीको ती दिनको अस्पतालका समयमा उहाँको श्रीमतीले उनीकी साथीसँग बाइबल अध्ययन गरी र त्यस साथीले बप्तिस्मा लिएर परमेश्वरसँग मिलाप गरी । धेरै समय बाहना बनाई पछाडी रहन निकै सजीलो हुन्छ । तर जब हामी येशूले भोग्नु भएको त्यस पिडा र उहाँलाई कोर्रा लगाई मारीएको कुरा स्मरण गर्छौं । अनि उहाँले त्यस क्षण पनि कुनै बहाना नबनाउनु भएको कुरा सम्झन्छु म मानिसहरुलाई परमेश्वरसँग मिलाप गर्न केहि पनि गर्नेछु भनि ल्यारी भन्नुहन्छ ।

आजसम्ममा तपाईको बलिदान (त्याग) को कारणले कति जनाको जीवन परिवर्तन भइ परमेश्वरसँग मिलाप भएको छ । बहाना बनाउने प्रबृतिलाई त्याग्नुहोस् । येशू जस्तै अरुको जीवन परिवर्तनको लागि केहि त्याग गर्नु होस् ।

..........................................................................................................................................

..........................................................................................................................................

# धेरै उपहार

दिन-२१

***एफिसी ४ः७-८***

‘कोको एनरील’ ले अमेरिका जाने अवसर प्राप्त गर्नु भयो । फिलिपिन्सका मानिसहरुलाई कमै प्राप्त हुने गर्छ । जहाँ सबै चिज विशेष गरि प्रसस्त खाना हुने गर्दछ । उहाँ भन्नु हुन्छ एक चोटी खाना खान बस्दा कत्रो ठूलो भाग उहाँले पाउनु भएको थियो । उहाँ एकपटक रेष्टुरेण्टमा पिजा खान बस्दा पिजा एक टुक्रा देखेर छक्क पर्नु भएछ । पिजाको एक टुक्रामा पनि उहाँको देशको प्लेटभन्दा ठूलो थियो । सायद त्यसैले होला सबैजना अमेरिका जान खोज्छन् ।

चेलाको जीवन पाएर हामी कति आशिषित भएका छौं । साँच्चै नै यो येशूको महान क्रुशको बलिदानमा मात्र सम्भव भएको हो । यस बलिदानको कारणले आज स्वर्गबाट आउने आशिषको झरी प्रशस्ततामा हामीले पाएका छौं । क्षमा, प्रेम, विश्वास, धैर्यता, परिवार, इष्टमित्र,विवाह, जीवन र अरु धेरै उपहारहरु । कोको एनरील एक टिटा निट्ज नामकी जोशिलो साउथल्यान्ड रिजनको चेलाको बारेमा बिचार गर्नु हुन्छ । उहाँ घरको कामहरु गरी आफ्नो जीवीका चलाइरहनु भएको छ । उहाँसँग धेरै नभए तापनि उहाँ दिन पछि हट्नु हुन्न । उहाँको मासिक चन्दा होस् वा अरु कुनै प्रकारको सहयोग । खाना बनाउन, बर्थडे पार्टीका सहयोग गर्न, विवाह, संगतीमा । उहाँ हरसमय विभिन्न तरिकाले सहयोग गर्न र हृदय दिन तत्पर रहनु हुन्छ । र उहाँ आफ्नो यस्तो तप्परता को श्रेय येशूको बलिदानलाई दिनु हुन्छ । कम आम्दानीको वाबजुद आफ्नो मासिक चन्दा कहिल्यै बिर्सनु हुन्न । परमेश्वरबाट आउने कृपाको धारा उहाँलाई बढि महत्वपूर्ण छ ।

कोको एनरील भन्नुहुन्छ कि आज हामीले परमेश्वरबाट प्राप्त गरेको ती आशिषहरु स्मरण गरौ । उहाँको कृपालाई अन्देखी नगरौ । पमरेश्वरको अुनग्रह असिम छ । सायद त्यसैले पावलले येशूले भन्नु भएको कुरालाई पक्रिराखे – ‘मेरो अनुग्रह तिमीहरुको लागि पर्याप्त हुन्छ’ ।

आफ्ना पापहरुलाई बशमा राख्नुहोस् । परमेश्वरको अुनग्रह बुझे पछि हामीलाई कुनै प्रकारको पनि त्याग गर्न असम्भव हुदैन ।

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

# करुणा र बलिदान

दिन-२२

***होसे ६ः६***

यो वचनले बलिदानप्रति परमेश्वरको हृदयको बारेमा वर्णन गर्छ । हिब्रुमा करुणा शब्द परमेश्वरप्रति र मानवप्रति सहि व्यवहार भन्ने बुझिन्छ । एरियल ब्रदर भन्नु हुन्छ हाम्रो दायित्व भन्दा परमेश्वर हाम्रो उहाँसँग को सम्बन्धको बारेमा बढि चिन्तित हुनुहुन्छ  । सच्चा बलिदान सहि सम्बन्धमा आधारित हुन्छ । यसको सबैभन्दा महान उदाहरण येशू हुनुहुन्छ । उहाँको कार्यले बलिदान देखाउछ तर उहाँ करुणाले प्ररित हुनुभएको थियो । करुणा येशूको चरित्र थियो जसको कारण उहाँ पापीको खोजी गरी उद्धार गर्न यस धर्तिमा आउनु भयो । अन्तमा उहाँ कलवरी  डाडाँमा आफ्नो शरिरको बलि चढाउन पनि स्वीकार्नु भयो । आज हामी परमेश्वरको प्रशंसा गर्न र उहाँको प्रशंसा गर्नु बाहेक अरु केहि गर्न सक्दैनौ । जब उहाँले आफ्नो एक मात्र पुत्र दुई काठका टुक्रमा अन्तिम शास फेदै गरेको हेर्नु भयो ।

एरियल भन्नुहुन्छ की उहाँ मिसन टिममा जाने चेलाहरुबाट सधै प्रेरणा पाउनु हुन्छ । एरियल आपैm पनि एक प्रान्तबाट हुन्नुहुन्छ । उहाँ ती व्यक्तिहरु जो मनिलामा छैनन् । तर यस्ता ख्रिष्टियनहरु पनि छन जो आफ्नो राम्रो जागिर छाडी कहिले नगएको ठाउँमा जान तयार हुन्छन् । जहाँ नत कोही नातेदार हुन्छ । न कोही साथीहरु हुन्छन् । फिलिपिन्सको दक्षिणी भागमा धैरै चेलाहरुलाई दैनिकी धैरै धम्कि र डरको सामना गर्नु परेको पनि छ । त्यहाँका कट्टर मानिस हरुबाट हिँसाको सम्भावना । यद्यपी यी चेलाहरु हराएको खोजी गर्न र उद्धार गर्न आफ्नो हृदय दिन्छन् । साच्चै नै उहाँहरु नै परमेश्वरको असिम करुणाका जीवित उदाहरण हुन् ।

आज के मानिसहरुलाई करुणा गर्न तपाईलाई असजीलो हुन्छ ? के करुणा तपाईको चरित्रमा पर्छ ?

आज करुणामय सम्बन्धको लागि प्रार्थना गर्नुहोस् । बलिदानी हृदयको लागि प्रार्थना गर्नुहोस् ।

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

# बलिदान र सम्झना

दिन-२३

***प्रस्थान १२ः२४-२८, १३ः१४-१५, २ तिमोथी २ः८-१३***

फारोको कडा हृदयलाई टुक्राउन परमेश्वरले खन्याउनु भएका विपतिहरु मध्येमा अन्तिम पटकको सबै पहिला जन्मेका मानिस वा गाईबस्तु लाई मार्ने निर्णय हो । र सारा मिश्रको सबै देवताहरुको न्याय गर्ने । र जसको ढोकामा रगतको चिन्ह छ त्यसका जीवन माफी गर्ने । र उहाँले त्यस दिन सधै स्मरण गरी यस दिनलाई एक चाड सरी परमेश्वरमा मनाउनु भनि भन्नुभयो । परमेश्वर चाहनु हुन्थ्यो कि सारा इस्राएलले आफ्नो सन्तान र भावी पुस्तालाई उनीहरुको लागि परमेश्वरले के गर्नु भयो भनि निस्तार चाड जुन दिन उनीहरुको दासत्वको जीवनको अन्त भई स्वस्तन्त्रताको जीवन पाएको स्मरण गर्ने थियो । उनीहरुले परमेश्वरको प्रेम र कृपाको मात्र स्मरण गर्ने होइन । तर उनीहरुको विद्रोह र गनगन पनि थियो । तर पनि खुसी मनाउने ठूलो कारण परमेश्वरले गर्नु भएको प्रतिज्ञा कोे सम्झनामा हो । चेरि मिसेरा भन्नुहुन्छ कि उहाँ अहिले याद गर्नु हुन्छ जब उहाँलाई मनिलामा मिसन टिममा पठाउन चयन गरिएको थियो सन् १९८९ मा । तर उहाँको पापमय सम्बन्ध पछयाउने जिद्धी हृदयको कारणले उहाँ पछि हट्नु भयो र आफ्नो हृदयलाई कठोर पारी परमेश्वरको प्रेम र योजनाबाट टाढा सर्नु भयो ।

उहाँ भन्नुहुन्छ – ती उहाँको जीवनका अँध्यारा क्षणहरु उहाँलाई थाहा थियो । कि परमेश्वरसँगका सम्बन्धमा उहाँ कहाँ हुनुहुन्छ भनि भन्न डराउनु । उहाँ अभैm तर्सिनु हुन्छ जब हरेक रात करिव ३ महिना उहाँ प्रार्थना गर्नुहुन्थ्यो । प्रभु कृपा गरी मलाई अर्को एक दिन ज्युन दिनुहोस् । एक मौकाको निम्ति निरन्तर प्रार्थना पछि केहि सालपछि पुन मनिलामा जाने अर्को अवसर उहाँले प्राप्त गर्नु भयो जुन सपना उहाँले सधै बोक्नु भएको थियो । उहाँ भन्नुहुन्छ उहाँ सदैव आभारी हुनुहुन्छ सान फ्रान्सीसकोका भरिन सेक्टरका चेलाहरुले पैसाको व्यवस्था गरी उहाँलाई मनिला पठाउनु भएको कुरा ९ वर्ष भयो तर आज पनि परमेश्वरले उहाँलाई मनिलाका चेलाहरुको बलिदान सदैव स्मरण गराउनु हुन्छ । जस्तै दिदी मासाडावा जो अहिले ५० वर्ष माथीको हुनुहुन्छ तर पनि ५ घण्टाको गाडीको यात्रा मार्फत मण्डलीमा आउनु हुन्छ । उहाँ नीटज टुरोरेलाई पनि याद गर्नु हुन्छ, छातीसम्मको वाडीको पानी भएर टाउकोमा वर्थ डे केक लिइ एक सिस्टरलाई प्रोत्साहन गर्न आउनु भएको थियो । तर सबैभन्दा बढि उहाँ येशूको सम्झना गर्नु हुन्छ जसको वलिदानको कारणले आज मेरो उद्धार भएको छ र मेरो सपना पुरा भएको छ भनि याद गर्नु हुन्छ । यी सम्झनाहरु मार्पmत हामी पुनः प्रभुमा ताजा हुन्छौ । र शक्ति पाउँछौ ।

यस हप्ता प्रभुले कसरी तपाईको जीवनमा कार्य गर्नु भएको छ र कसरी उहाँले तपाईलाई नयाँ आशा दिनु भएको छ सम्झना गर्नुहोस् ।

....................................................................................................................................

....................................................................................................................................

# बलिदानको पवित्रता

दिन-२४

***व्यवस्था १२ः१२-१४, १५ः२१***

परमेश्वरको राज्यको स्थापनामा परमेश्वरको बलिदान साथै उहाँका मानिसहरुको बलिदान भएको हो । बाइबलमा परमेश्वरलाई उहाँको प्रजाको लागि त्याग गर्नु हुने परमेश्वरको रुपमा चित्रण गरिएको छ । र यसको उत्कृष्ट उदारहरण उहाँका एक मात्र पुत्रको क्रुशको बलिदानले दर्शाउछ जुन सम्पूर्ण मानव जातीको उद्धारको लागि थियो ।

आज वचनले हामीलाई बताउँछ की हाम्रो बलिदान र भेटी ग्रहणयोग्य हुनका लागि उहाँप्रतिको श्रद्धा र भक्तिको आवश्यकता पर्दछ नकी हाम्रो आफ्नो विवेक । व्यवस्था किताबले बताउछ की भेटी र बलि कति निश्चित हुनु पर्छ । किन ? किनकि परमेश्वर पवित्र हुनुहुन्छ र परमेश्वरलाई अर्पण गरिएको भेटी पनि खोटरहित (पवित्र) हुनुपर्छ । गत साल भिन्सेन्ट लिटरेल भन्नुहुन्छ उहाँले आपैmलाई एक ठाउँ (टाक्लोवान) मा बसि आपैmलाई प्रश्न गरेको पाउनुभयो – म मेरो जीवनसंग के गरि रहेको छु मेरो जीवनका चुनौतिहरुको बारेमा सोच्दा म निकै हताश भएँ । मण्डली सुचारु रुपले सञ्चालन गर्न र मिसन टिम पठाउन हामीलाई पैसाको व्यवस्था गर्नु पर्ने थियो । उहाँ भन्नुहुन्छ यी कुराले उहाँलाई भयभित र असुरक्षित भहशुस गरायो । उहाँ भन्नुहुन्छ परमेश्वरसंग धेरै प्रार्थना गर्नुभयो, अन्तमा उहाँको हृदय परिवर्तन भयो । उहाँले महशुस गर्नु भयो कि उहाँले बलिदान त्यागको मात्रा होइन तर परमेश्वरको पवित्रता हेर्नु पर्छ । उहाँले सुरक्षित महशुस गर्नु भयो जब उहाँले वचन याद गर्नु भयो कि हामी इच्छा स्वरुप हामी बलिदान गर्छौंैं । गत वर्ष हामीले मिसन उद्देश्य पुरा गर्‍यौ । मण्डली दुई गुणा थिए । र सबैभन्दा खुशीको कुरा (ताक्लोवान) मण्डली स्थापना गर्न सफल हुनुभयो ।

परमेशवरको महिमा होस् परमेश्वरको पवित्रतामा केन्द्रित हुनुहोस ।

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

# धार्मिक बलिदान

दिन-२५

***उपदेशक ५ः२-६***

परमेश्वरको निम्ति त्याग गर्न पाउनु एक अमूल्य अवसर हो । चेला भई हामी यो गर्छौं किनकि हामी परमेश्वको अनुग्रह बुझेका छौं । परमेश्वर चाहनु हुन्छ कि हामी त्यागी बनेको । यसबाट पुष्टी हुन्छ कि हामी परमेश्वरले दिनु भएको जीवनको लागी कति आभारी छौं । जोन अर्विन विश्वास गर्नुहुन्छ कि चेला भएर हाम्रो बलिदान हृदयबाट प्रेरित भएको हुनुपर्छ र सधै धार्मिक हुनपर्छ । धार्मिक बलिदान भनेको हामीले हृदयमा प्रभुप्रति गरेको प्रतिज्ञा पुरा गरे सरह हो । प्रभुमा हामी जे स्वीकार गर्छौं ती हाम्रा हृदयबाट हुनुपर्छ । कहिलेकाही हामी हाम्रा जिब्रोलाई खुल्ला घोडा झैंm दौडन दिन्छौ र हृदयमा नभएका कुरा पनि भन्छौ । हामीले बोलेका शब्द भक्तिहिन हुन्छन् । फलस्वरुप हामी एक पाखन्डी झैंm परमेश्वरप्रति झुटा ठहरिन्छौ । जब हामी यस्तो गर्छौ हामी ओठले आराधारा गर्ने (मत्ती १५ः९) बन्छौ अझैंm झुटा बन्छौ । मुर्खताहरु बकबक गर्न र मानिस खुशी पार्न खोज्छन् । खोक्रो बलिदानले जे प्रतिज्ञा गरेको छ ती पुरा त हुदैनन् तर यसले अर्पित गरिएको भेटीको पनि कुनै महत्व हुदैन । परमेश्वर चाहनु हुन्छ हामी हाम्रो भाकल निष्कपट र ढिला नगरी पुरा गरेको ।

जोन भन्नुहुन्छ उहाँ मण्डलीको एक सिस्टरलाई कहिल्यै बिर्सनु हुन्न । तिन वर्ष अगि यी सिस्टर उहाँहरुको सुपर रिजनको एक जवान हुनुहुन्थ्योे । उनी जब उहाँहरु स्पेशल मिसन भेटीको बारेमा चर्चा गर्दा परिवर्तन भएकी थिइन् । परमेश्वरको राज्य विभिन्न स्थानमा स्थापित गर्ने कुरालाई मध्य नजर गदै उनी जागिरको खोजी गरी स्पेशल चन्दा दिन निकै प्रयास गरीन् तर उनको योग्यताको कारणले उनीलाई जागरी पाउन निकै मिहिनेत गर्नु प¥यो । अन्तमा उनीले मानिसहरुको लुगा धोइदिने विचार गरी धैरै मानिसहरुको घरमा गई दिन रात लुगा धुन थालीन् । कति समय अवेर रात सम्म पनि उनले लुगा धोइन् । यति सम्म की पानीले उनको हात खायो । तर पनि उनी धैरै निष्कपट रही परमेश्वरलाई गरेको प्रतिज्ञा पुरा गर्नु उनको लागि ठूलो महत्वको कुरा थियो ।

आज परमेश्वरलाई पवित्र हृदयले भेटी चढाउन सामथ्र्य दिन प्रार्थना गर्नुहोस् । र मिसन टिमको लागि स्पेशल भेटीमा सहयोग गर्नुहोस् ।

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

# बलिदान जसले हामीमा शान्ति ल्यायो

दिन-२६

***यशैया ५३ः५***

***१ प्रत्रुस ५ः१४***

हामी सबैलाई शान्तिको इच्छा हुन्छ तर एक कुरा बिर्सनु हुन्न कि शान्तिको मोल हुन्छ । लिना चाउ भन्नुहुन्छ कि भियतनाममा ४ वर्षको सेवकाईको अवधिमा उहाँ र उहाँको श्रीमान्लाई शान्ति साच्चै नै कति मुल्यवान छ भनि बुझ्नु भयो । भियतनाममा भएको द्वन्दले लाखौ महिला पुरुष र बच्चाहरुको ज्यान लियो । यद्यपी सबै भियतनामीहरु क्रुरताको शाषनबाट पाएको मुक्ति र शान्ति त्यस बलिदान भन्दा बढि अमूल्य भएको भन्दछन् । यहाँ नभएको कुरा के हो भने भियनाममा हजारौ वर्ष युद्ध चलेको थियो । उनीहरुले चिन फ्रान्स र विश्व कै सबै भन्दा भयङ्कर मुलुक अमेरिका विरुद्ध युद्ध गरेका थिए । उनीहरुसँग शान्तिको लागि लाखौं ज्यानको बलिदान दिनु बाहेक अरु केहि उपाय थिएन । भियतनामको गर्वान्वीत जल्दो र जोशीलो हृदय विश्वका लागि एक उदाहरण बनेको छ । तर हरेक राष्ट्रलाई त्यस पिडा, कष्ठ, रगतको धारा, आँखाको आँशु, र बलिदान थाहा हुन्छ त्यसले शान्तिको आगमन ल्याउँछ । धेरै एसियन राष्ट्रहरु फिलीपिन्स लगायतलाई त्यस बहुमुल्य शान्तिको खोजीको तीतो इतिहास थाहा छ ।

नेपालको शान्तिको लागि प्रार्थना गर्नुहोस् ।

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

# परमेश्वरको भयले बलिदान उत्पन्न गराउँछ

दिन-२७

***भजनसंग्रह ३३ः६-८***

***व्यवस्था १०ः१२-१३***

***एफिसी ५ः१-२***

परमेश्वरको भय भनेको उहाँप्रतिको प्रेम र श्रद्धा हो । नयाँ जन्मेको शिशुको चित्कार गुलाफ फुलको नरमपन, लाम्पुछ«े ताराको जादु, ज्वालामुखीको क्रोध, बेलगान घोडाको शाक्ति, कोही कसरी यी सबै कुराको सृष्ट्रिकर्ताको सामु खडा हुन सक्छ ? जोए मासाडावो भन्नुहुन्छ की उहाँ आपैm पनि एक चित्रकार भएको कारण बुझ्नसक्नु हुन्छ त्यस उत्साह जुन परमेश्वरले महशुस गर्नु भयो जब उहाँ यस ब्रमाहन्ड बनाउन सुरु गर्दै हुनुहुन्थ्यो, विभिन्न विचारहरु उहाँको दिमागमा चलिरहेको थियो । पक्कै नै यी सोचले उहाँको त्यस महिमीत मुहारमा मुस्कान ल्याएको थियो  होला । चित्रकार आफ्नो कार्यको प्रेममा डुब्नु बाहेक अरु केही गर्न सक्दैन किनकि उनीहरु आफ्नो मष्तिस्कले मात्र होइन आफ्नो हृदय लगाउछन् । उनीहरुको कार्यमा उनीहरुको केहि अंश पनि हुन्छ । कोही कसरी परमेश्वरसंग प्रेम नगरी रहन सक्छ जसले आफ्नो सृष्ट्रिमा आफ्नो सारा हृदय लगाउनु भएको छ ।

जोए मासाडावो भन्नुहुन्छ की उहाँले यस कुरालाई बुझ्न पाउनु भयो, लगभग १३ वर्ष अघि जब आफ्नो ११ वर्षदेखिको प्रेमीलाई त्याग्ने चुनौती पाउनु भयो जो उहाँ चेला बन्ने कुरालाई पूर्णरुपमा बिरोध गर्नु हुन्थ्यो । उहाँ आफ्नो कलेजको परिक्रमा गर्नु हुन्थ्यो कति पटकसम्म आफ्नो हृदय तयार पार्न उहाँ टोलाउनु हुन्थ्यो, गनी साध्य छैन । उहाँ भन्नुहुन्छ  की उहाँले बरु सायद सत्य नजाने कै भए राम्रो हुन्थ्यो होला भनि पनि सोच्नु भयो । हिड्दै प्रार्थना गर्ने, आँखा भरि आँशु लिएर भौतारिएको त्यहाँका अल्गा रुखहरु उहाँको साक्षी बनेका छन् । तर त्यस हिडाइ सकेपछि उहाँले समपर्ण गर्ने निर्णय गर्नु भयो । उहाँ भन्नुहुन्छ की अनन्तको परमेश्वरको सामु जीवन  भएको प्रेमी उहाँलाई केहि लागेन । र यो उहाँको श्रद्धाको प्रस्तुती थियो ।

के आज तपाई परमेश्वरको भयमा हुनुहुन्छ ? के आज तपाई उहाँलाई आफ्नो सारा हृदय दिनु हुदैछ ? उहाँको इच्छा बारेमा के तपाई आज सम्बेदनशील हुनुहुन्छ । अथवा उहाँको महत्वलाई आज तपाई बिर्सनुभएको छ । आज के कुराले परमेश्वरको नजिक हुनुबाट तपाईलाई अड्काइ रहेको छ । पहिलो प्रेमलाई पुन सम्झनु होस् ।

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

# बलिदान र बाड्नु

दिन-२८

***हिब्रु १३ः१५-१६***

विश्वले कमै व्यक्तिलाई हिजोको दर्जा दिन्छन जो सामान्यबाट धेरै पर गई स्वतन्त्रता समानता र न्यायको लागि पराक्रम गर्न तत्पर हुन्छन् तर चेलाबाट यस्तो चरित्रको अपेक्षा गरिन्छ । कुनै असमान्यको प्रश्नै उठ्दैन । चेलाको जीवन प्रशंसनीय बलिदान हो । चेलाको जीवन अचम्मको हुन्छ । कोही कसरी आफ्नो आरामको परिधीबाट दुष्ट संसारको लागि प्रशंसाको एक भेटी बन्न चाहन्छ र ? रेगी लिम भन्नु हुन्छ की यस कुराको ज्ञान प्राप्त गर्ने मौका उहाँले वप्तिस्मा लिएर क्याम्पस मिनिस्ट्रीमा हुर्कन पाएपछि पाउनु भयो । उहाँले महशुस गर्नुभयो को सामान्य चेलापनि धेरै असमान्य मानिसहरुको लागि ज्योती र प्रेरणाको मुहान बन्न सक्छ । बलिदान भनेको तपाईले धेरै कुरा बाड्नु पनि हो ।

रुयलको लागि एक क्याम्पसको विद्यार्थी मण्डली भेलामा गई प्रोत्साहन गर्नु भनेको आफ्नो घरबाट १ किमी को लामो बाटो हिड्नु हो, आइतबारको भेला, संगती, लिडर मिटिङ्ग । उहाँहरुको आर्थिक चुनौतिको कारणले गर्दा स्कूल पनि विचमा रोक्नु परको थियो । बिचमा जागीर गरेर पनि आफ्नो परमेश्वरसंगको समयलाई उहाँले सम्झौता गर्नु भएन । यी सबै कुराको वाबजुद रुयल दिनमा अभैm अगाडी हुनुहुन्छ । उहाँ त्यस मण्डलीको प्रशासकलाई सहयोग पनि गर्नुहुन्छ । र फ्यामली ग्रुप अगुवाई गर्न पनि प्रशिक्षण लिर्दै हुनुहुन्छ । उहाँ चेलाहरुको घर गई उनीहरुलाई प्रोत्साहन दिने कामलाई अभैm निरन्तरता दिदै हुनुहुन्छ र अरु धेरै दायित्व लिन उतिकै इच्छुक हुनुहुन्छ । रेगी लिन भन्नुहुन्छ की उहाँको यस्तो चरित्रले सारा मण्डली नै आभारी छ । रुयलको जीवन यस्ता हजारौ कथाहरु मध्ये एक हुन जो परमेश्वरको प्रशंसनीय गवाहीहरु हुन् जो येशू नै प्रभु हुन भन्ने कुराको प्रमाण भई जीउछन् । उनीहरु मण्डलीमा सबैभन्दा येशूको उदाहरणलाई अभैm जीवित राखेका छन् ।

तपाई कहिलेकाही तपाईसँग अभैm बढि भएको भए हुन्थ्यो भनि इच्छा गर्नु हुन्छ, के तपाईलाई लाग्छ अरुसँग बाड्न आज तपाईसँग पर्याप्त छैन । येशूको बलिदानले हामीलाई स्मरण गराउछ की हामीसँग बाड्नलाई पर्याप्त छ । ख्रिष्टमा रहेका सबै संसारको समझले नभ्याउने शान्तिले आशिषित छन् । हामी हाम्रो सबैभन्दा ठूलो शाषकहरु पाप र मृत्युको पकडवात स्वतन्त्रता मिलेको छ । तर यो मात्र एक तरिकाले सम्भव भयो, परमेश्वरको बलिदान र उहाँको एक मात्र पुत्रको रगतको मूल्यले हो ।

आज के तपाई साच्ची नै भन्नसक्नु हुन्छ की तपाई पापको दासत्वमा हुनुहुन्न वा तपाई पुन पापको पाँसोमा पदैहुनुहुन्छ ? जस्तो सुकै परिस्थितीमा पनि येशूबाट मात्र शान्तिको महशुस गर्नुहुन्छ । येशूको क्रुशको बलिदान प्रति सहि कृतज्ञताले मात्रै हाम्रो हृदय र मष्तिस्कलाई सुरक्षीत राख्न सक्छ ।

........................................................................................................................................

# हाम्रो न्याय गर्ने बलिदान

दिन-२९

***रोमी ३ः२५-२६***

पुरानो करारको समयमा पाप क्षमाको निम्ति इस्रायलीहरुले बेदीमा बलि तथा भेटी चढाउनु पर्दथ्यो । पुरानो करारअुनसार निश्चित ढाँचा निर्देशन पालन गरेर मात्रै इस्रायलहरुको पाप पखालिन्थ्यो । इस्रायलीहरुको हरेक पापको लागि पशुको रगत बहाउनु पर्दथ्यो । परमेश्वर चाहनुहुन्थ्यो कि इस्रायली जानुन् पापको भार के हो । यसको खतरनाक मूल्य मृत्यु हो । तर अब हामी बलि दिनुको साटो प्रभुले हाम्रो लागि बलि दिनु भयो । जोन सालुद भन्नुहुन्छ प्राय फिलोपिनो जस्तै उहाँ पनि एक क्याथोलिक घरानामा जन्मनु भयो । हरेक साल उहाँहरुले लेन्टन सिजन मनाउनु भयो तर क्रुशले ख्रिष्ट्रयनको जीवनमा कस्तो भुमिका बाँध्छ उहाँलाई थाहा थिएन । हरेक आइतबार मण्डली गई प्रभुभोजमा उहाँ सहभागि हुनु त भयो तर यस प्रकृयाले कहिल्यै उहाँलाई पश्चाताप गर्ने बिन्दुसम्म पु¥याएन । यी विभिन्न वार्षिक कार्यको वाफजुत उहाँले धेरै पापमा फस्नु भयो र पाप र क्रुश बीच के सम्बन्ध छ भनि उहाँलाई थाहै थिएन । तर परमेश्वर धैर्यवान रहनु भयो र येशूले सम्पूर्ण मानवजातीको पापको लागि मात्र होइन विशेष गरि मेरो पापको लागि ती पिडाबाट गुज्रनु भयो भन्ने महशुस नभएसम्म पर्खनु भयो जोन सालुद भन्नुहुन्छ कि उहाँले हृदय फुकाएर पश्चाताप गरी कहिल्यै नपर्खने निर्णय गर्ने वाहेक अरु केहि विकल्प देख्नु भएन । वचनले अभैm बढि प्रभुको विशाल अनुग्रहको बारेमा बुझ्न मद्दत ग¥यो जोन भन्नुहुन्छ उहाँले बुझ्नुभयो परमेश्वरको इश्वरीय धैर्यताले उहाँलाई नरक जानबाट रोक्यो किनकि मलाई अनन्त जीवन दिने योजना उहाँले पहिले देखिनै बुन्नु भएको थियो । जुन कुरा तपाई र म दुबैजना योग्यको छैनौं

आफ्नो हृदयका लागि प्रार्थना गर्नुहोस् ।

......................................................................................................................................

......................................................................................................................................

......................................................................................................................................

# आफ्नो बलिदानको खुशी

दिन-३०

***फिलीप्पीर ः१७-१८***

पावलले हामीलाई साधारण रुपमा बुझ्ने तरिकाले लेखेका छन् । यो अध्ययले उनको व्यक्तिगत हृदय देखाउँछ जस्तै संभावित मृत्यु, बलिदान फिलीप्पीसँगको सहकार्य(४ः१४) पावलको हृदय खुशीले भरिपुर्ण छ र उनी अरु पनि त्यस खुशीमा सामेल भएको देख्नचाहन्छन् । उनका निम्ति बलिदान आनन्द हो

सुसान मनिलाका चेलाहरु देखेर धेरै खुशी छन् उनीहरुको गर्ने इच्छा शक्ति प्रति धेरै खुशी छन् । १९९८ अगस्तमा जेडदा नामकी एक विद्यार्थी परमेश्वरको सम्बन्धमा कसैले पनि छुटाउन नसक्ने गरी बाधीइन् । उनी मुस्लीम पृष्टभुमीबाट आएकी हुन् र उनी एक परिचीत नेताकी छोरी हुन् । मक्कामा दुई पटक हज् गर्न गइसकेकी थिइन् । पुरानो धर्म छोड्नु उनका निम्ति मृत्यु बरण गर्नुनै थियो । उनले बप्तिस्मा लिए पछि उनका परिवारले सम्पूर्ण पैसा र अन्य सहयोग बन्द गरे, विभिन्न सतावट दिए, येशूलाई छोड्न धम्की दिए तर जेडदा येशूमा सधै रमाएर बसेकी छन् । उनको जीवन अभैm पनि खतरा मुक्त छैन् । उनी मिसन टिममा जान तयार छिन् गत वर्ष उनले परमेश्वरका राज्य बिस्तारका लागि धेरै चन्दा दिइन् ।

नम्र हृदयको लागि प्रार्थना गर्नुहोस् येशूलाई नक्कल गर्नुहोस्

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................